अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान
ABHIYAN WEEKLY साप्ताहिक

Devendrachudal@gmail.com

वर्ष : ४४ / अंक : ४ / २०८३ साउन २२ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Aug. 7, 2026 / मूल्य रु. १०/-

## बालेन सरकारको हठ र सुनसरीको घटना

काठमाडौ । गत चैत्र १३ गते रास्वपा नेतृत्वको बालेन सरकार गठन भएको थियो । बालेन सरकार गठन भएको पहिलो दिनको मन्त्रिपरिषद्को पहिलो बैठकले नै नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्ने निर्णय गरेर उनीहरूलाई मध्यरातमा पक्राउ गरेपछि नै बालेन सरकार प्रतिशोधनको राजनीतिमा उत्रिएको थियो । बालेन सरकारले एकसय दिन पार गरे लगत्तै कोशी र मधेश प्रदेश दुर्भाग्यपूर्ण साम्प्रदायिक घटनामा परे । बालेन साह र सरकारको लागि यो गम्भीर परिस्थिति हो । सरकार गठनको प्रारम्भमा नै यस्ता घटना आजसम्म कहिल्यै भएका थिएनन ।

बालेन प्रधानमन्त्रीमा नियुक्त भएकै दिनेदेखि सरकारले प्रतिशोधको राजनीति गर्न सुरु गरेको थियो । सरकारसँग कुनै प्रमाण नै नभएको

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

# प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति मुलुकको लागि घातक

## भोलि त्यो व्यवस्थामा पनि कमी कमजोरी देखिए के गर्ने ?

देवेन्द्र चुडाल

काठमाडौं । संविधा नै नेपालको मुल कानुन हो । संविधानसँग बाभ्रिने कानुनहरु बाभ्रिएको हदसम्म अमान्य हुन्छन् भन्ने कुरा संविधानको पहिलो धारामा नै स्पष्ट पारिएको छ । विधायिकाले जे जति कानुन बनाउँछ ती सबै संविधानको मर्म र संविधानसँग मेल खाने हुनुपर्दछ । कानुन कसले र कसरी बनाउने भन्ने व्यवस्था संविधानमा नै उल्लेख गरिएको हुनाले संविधान अनुसार नै कानुन निर्माण हुनुपर्ने सम्वैधानिक व्यवस्था रहेको छ ।

नेपालमा पहिलो संविधान २००५ माघ १३ मा तत्कालिन प्रधानमन्त्री पद्म शमशेरले जारी गर्न खोजेको नेपाल सरकार वैधानिक कानुन हो, जुन लागु हुन सकेन । त्यसपछि हालसम्म नेपालमा ७ वटा संविधान जारी भैसकेका छन् । समयनुसार र जनताको माग अनुसार संविधानमा केही संशोधन भैसकेको इतिहास रहेको छ । तर यति छोटो



समयमा पनि ७/७ वटा संविधान निर्माण हुनु र संशोधन हुन भनेको सामान्य विषय होइन ।

गत भाद्र २३ र २४ गते देशमा भएको घटनाक्रम पश्चात् वर्तमान संविधान पनि खारेजी वा नयाँ संविधान निर्माण गर्ने कि, यसमा आवश्यक संशोधन गर्ने भन्ने विषय बहसमा आएकोमा छ । खास गरेर गत भाद्र २३ र २४ गते भएको विध्वसात्मक घटना र त्यसैलाई देखाएर गत फागुन २१ गते भएको संघीय संसद प्रतिनिधिसभाको निर्वाचनमा रास्वपाले भ्रण्डै दुई तिहाई मत ल्याएपछि संविधान संशोधन कि पुनलेखन भन्ने विषयमा बहस हुन थालेको छ । संविधानमा कमी कमजोरी देखिएको खण्डमा त्यसलाई आवश्यकतानुसार सुधार गर्न सकिन्छ । तर गत चैत्र १३ गते गठन भएको रास्वपा नेतृत्वको बालेन सरकारले नै संविधान संशोधन बहस पत्र निर्माणका लागि कार्यदल बनाएपछि यो विषय बहस आएको हो । कार्यदलले पुर्नलेखन कै भ्रल्को दिनेगरी संविधानका ८० प्रतिशत धाराहरु संशोधन गर्नुपर्ने सुभ्राव दिएपछि संविधान संशोधनको विषय अन्योलमा

>>> बाँकी ८ पेजमा

## उद्योगी व्यवसायीमाथि पनि प्रतिशोध

काठमाडौ । गत फागुन २१ गते सम्पन्न भएको संघीय संसदको निर्वाचनमा भ्रण्डै दुई तिहाई मत पाएको रास्वपा नेतृत्वको बालेन सरकार आफ्नै कारण विवादको घेरामा पर्दै गएको छ । रास्वपाले निर्वाचनमा भ्रण्डै दुई तिहाई मत पाउनुको एउटै कारण थियो गत भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र सो विरोध प्रदर्शनमा गोली लागेर काठमाडौमा १९ जना र इटहरीमा २ जनाको गरी २१ जनाको निधन भएको थियो । २३ गतेको घटनालाई लिएर भाद्र २४ गते मुलुकभरमै विध्वसात्मक कार्य भए । सहकारी ठगीमा अदालतको आदेशअनुसार पुर्पक्षका लागि जेलमा रहेका रास्वपा

>>> बाँकी ८ पेजमा

## अमेरिकासँग होइन ओमनसँग समभ्रौता : इरान

काठमाडौं । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानसँग वार्ता भइरहेको र यसले सम्भावित अमेरिकी सैन्य आक्रमण टार्न सक्ने दाबी गरेका छन् । ट्रम्पले हालै आफू मानिसहरु मार्न नचाहेको र इरानसँग सम्भ्रौता गर्न चाहेको बताएका छन् ।

यद्यपि, इरानले ट्रम्पको दाबीलाई अस्वीकार गर्दै अमेरिकासँग कुनै पनि प्रकारको संवाद नभएको स्पष्ट पारेको छ । इरानले होर्मुज स्ट्रेटमा नयाँ पानीजहाज मार्गको भौगोलिक अवस्थितिबारे ओमानसँग मात्रै एउटा समभ्रदारी बनेको र यो अन्तिम मस्यौदाको चरणमा रहेको जनाएको छ ।

इरानी अधिकारीहरूले यस छलफलमा ओमानबाहेक कुनै पनि बाह्य हस्तक्षेप नभएको बताएका छन् । अमेरिकी नौसेनाको नाकाबन्दी र सैन्य गतिविधिको कारण नै स्ट्रेटमा अवरोध सिर्जना भएको इरानको आरोप

>>> बाँकी ८ पेजमा

## सरकारको गैरजिम्मेवारीकै कारण मूल्यवृद्धि

काठमाडौ । गत चैत्र १३ गते गठन भएको रास्वपा नेतृत्वको भ्रण्डै दुई तिहीई नजिकको बालेन सरकार अहिले चौतर्फी आलोनाको पात्र बन्दै गएको छ । राजनीति सरगर्मीबीच महंगी, नियन्त्रण गर्न सरकारले कुनै चासो समेत देखाएको छैन । त्यही कारणले गर्दा उपभोक्ताहरु महंगीको मारमा परेका छन् । चामल, दाल, तेल, तरकारी लगायत उपभोग्य बस्तुहरूमा निरन्तर मूलयबृद्धि भइरहेको छ । ग्यासको अभाव सँधै भइरहेको छ । विजुली खपतमा मूल्यबृद्धि गरेपछि उपभोक्ता थप मारमा परेका छन् । विजुली खपत र राइड सेयरिङमार्फत हुने ढुवानीमा समेत सरकारले भ्याट लगाएको छ ।

बजारमा तरकारीको मूल्य आकाशिएको छ । दसैं तिहार नजिकिँदै जाँदा पनि मूल्यबृद्धि हुने प्रवृत्ति बढेको छ । सरकारले वर्षाका कारण ढुवानी प्रभावित बन्दै, आएको बताउँदै आएको भएपनि त्यसैलाई आधार मानेर मूल्यबृद्धि भएको स्वीकार गर्न सकिने अवस्था देखिँदैन । व्यावसायीहरूले विभिन्न कारण देखाएर मूल्यबृद्धि गरिरहेका छन् भने बालेन सरकार भने मूल्यबृद्धि रोक्न असफल सावित भएको छ । पछिल्लो समयमा चामल दाल, तरकारी, फलफूल, खसीको मासु, कुखुराका मासु, अण्डा लगायत दैनिक उपभोगका बस्तुहरूको निरन्तर मूल्यबृद्धि हुनुपर्ने ठोस कारण देखिँदैन ।

>>> बाँकी ८ पेजमा

## सुनसरी घटनामा जिम्मेवार भनेका प्रधानमन्त्री र गृहमन्त्री नै हुन्

काठमाडौ । श्रावण १० गतेदेखि सुनसरीमा भएको दुई समूहको विवादबाट सुरू भएको तनाव व्यवस्थापन गर्न गृहमन्त्रीले सुरूमा कफ्र्यु आदेश जारी गरेपछि सुरक्षा अधिकारीहरूको हेरफेर र सुरक्षाकर्मीहरु परिचालन गर्न प्राथिमिकता दिएका थिए । विवाद साम्य हुनुको बदला अन्य जिल्लाहरूमा समेत दंगा फैलियो र सरकार बल प्रयोग गर्न असफल सावित भयो । घटना भएको पाँचौं दिनपछि गृहमन्त्री तराई मधेश भ्ररेर सम्वादमा गृहमन्त्री आफैँ सक्रिय बने । घटना हुनासाथ गृहमन्त्री सुनसरी पुगेको भए अनाहकमा जनताले ज्यान गुमाउनुपर्ने थिएन ।

गृह प्रशासनसँग जोडिएका कुनैपनि घटना भएमा गृहमन्त्री आफैँ फिल्डमा पुग्ने गरेका भएपनि यस पटक यिनी चुकेका थिए । केही समय पहिला माइतीघरमा पुगेर उनले मिटरव्याजीहरूसँग वार्ता गरेका थिए । सोही वार्तामा सहमति समेत भएको थियो । तर गत आइतबार (१० गते) राती सुनसरीमा दुई समुदायबीचमा भएको भ्रडपछि पनि उनले त्यस्तो सक्रियता देखाउन नसकेको भन्दै त्यसको व्यापक विरोध भएको थियो ।

सुनसरीको कप्तानगञ्ज मा १० श्रावण राती प्रहरीको गोली लागेर ३० वर्षीय ओम प्रकाश यादवको निधन भयो भने ९ जना स्थानीय घाइते भए । उपचारको क्रममा थप १ जनाको निधन भयो । सामान्य विवाद चलिरहेको बेला प्रहरीले अन्धाधुन्द गोली चलाएको आरोप स्थानीयले लगाउँदै आएका थिए । त्यस घटनाले सुनसरी बाहेकका अन्य जिल्लाहरूलाई समेत तरङ्गित बनाउन थालेपछि गृहमन्त्री सुधन गुरूङ सुरक्षा अधिकारीहरूको हेरफेरमा लागेका हुनाले र गृहमन्त्रालयमा बसेर सुरक्षा समितिको बैठक राखेर सुरक्षा व्यवस्था कडा पार्न निर्देशन दिएका थिए । उक्त समितिको बैठकमा गृहसचिव, नेपाल प्रहरीका महानिरीक्षक, सशस्त्र प्रहरी बलका

>>> बाँकी ८ पेजमा

## संकटमा दलहरू अघि-अघि, बालेन सरकार पछि-पछि

काठमाडौ । नेपालका राजनीतिक दलहरूले विगतमा संविधान निर्माणदेखि भूकम्प, नाकाबन्दी र पछिल्लो पटक भएको साम्प्रदायिक तनावसम्म पनि अपवादलाई छोडेर राजनीतिक दलहरूले ऐक्यवद्धता र सम्वाद गर्नु राजनीतिक चरित्र देखाउँदै आएको भएपनि अहिले मुलुकलाई संकट पर्दा रास्वपा नेतृत्वको बालेन सरकारले वितगको अभ्यास देखाउन सकेको छैन । रास्वपाभित्रको आन्तरिक द्वन्द्व र बालेनकै कारण राजनीतिक दलहरु एकजुट हुन सकेका छैनन् भने बालेन सरकारले अपनाउनुपर्ने संयनता समेत अपनाउन सकेको छैन ।

सुनसरीको तनावमा संसदमा रहेका र संसद बाहिर रहेका दलहरु समेत सक्रिय रूपमा खटिएका थिए । सरकारको आलोचना



गर्ने दलहरु समेत दलहरु र सरकारबीचको वैमन्यतालाई थाती राखेर तनाव साम्य पार्न खटिएका थिए । सुनसरी हुँदै सिराहा, सप्तरी, पर्सा, जनकपुर पुगेको तनावलाई लिएर रास्वपाभित्र एकमत हुन सकेको छैन । रास्वपाकै कार्यकर्ताहरूलाई प्रयोग गरेर तनाव बढाउने कार्य भएको आरोप रास्वपामाथि लाग्दै आएकोमा रास्वपाका नेता एवं सासद मनिष भ्राले रास्वपाका नेता र कार्यकर्ताहरु पनि हिन्दु राष्ट्रका समर्थक हुनु पाउँछन् भन्ने अभिव्यक्ति दिएपछि कतै विपक्षी दलहरूलाई आरोप लगाउन रास्वपाकै नेता तथा कार्यकर्ताहरूले हिंसा भड्काएको हो कि भन्ने प्रश्न समेत उठेको छ ।

हिंसा भड्काएपछि त्यसलाई रोक्नु तत्काल प्रधानमन्त्रीले सक्रियता देखाउनुपर्नेमा त्यस्तो देखिएन । जब रास्वपा सभापति रवि लामिछानेले सर्वदलीय बैठक गरे त्यसपछि मात्र प्रधानमन्त्री र गृहमन्त्रीको आँखा खुलेका थिए । सर्वदलीय बैठकबाट सबै दलले सही गरेर विज्ञप्ति जारी गरिएपछि मात्र

>>> बाँकी ८ पेजमा

## जनतालाई सस्तो लोकप्रिय नारा दिएर सँधै भ्रुक्याउन सकिँदैन

काठमाडौ । बालेन साह नेतृत्वको सरकारले राहदानी र सवारी चालक अनुमतिपत्र (लाइसेन्स), उपभोक्ताको घर घरमा पुऱ्याउने ट्वाँङ फुकेको थियो । सुरूमा केही राहदानी र लाइसेन्स केही व्यक्तिका घरमा पुऱ्याएको भएपनि अहिले त्यो सेवामात्र होइन लाइसेन्स छाप्ने काम नै बन्द भएको छ । बालेन सरकारले अघिल्ला सरकारले जनताको हितका लागि कुनै काम नगरेको भाष्य बनाएको थियो । त्यही भाष्यलाई जनताले विश्वास गरेर अघिल्लो सरकारहरूको विरोध गर्दै गत फागुन २१ गते भएको संघीय संसदको निर्वाचनमा रास्वपालाई भ्रण्डै दुई तिहाई मत दिएका थिए । रास्वपाले भ्रण्डै दुई तिहाई

>>> बाँकी ८ पेजमा

Abhiyan weekly_2083_Sawan_22.indd 1 8/6/2026 3:35:51 PM

# If Pakistan's economy is stabilizing…

**Zain Ahmad Butt**

Growing up in Baddomalhi, Narowal district, I often watched my father navigate the uncertainties of the rice trade. Some years, floods damaged crops. Other times, rising input costs or changing policies made business increasingly difficult.

At home, discussions were rarely about GDP growth or economic surveys. They were about whether farmers would recover their losses and whether the next season would be any better. That is why, despite Pakistan's recent economic progress, many people still struggle to believe that the economy is recovering.

The Pakistan Economic Survey 2025–26 reports that real GDP grew by 3.7 percent in the outgoing fiscal year, while inflation has eased, foreign exchange reserves have improved, and the government has achieved a primary surplus. These are encouraging signs, but for many households, they have yet to make a meaningful difference in everyday life.

Looking beyond my own family, I see the same challenges affecting many others. Friends from my hometown often talk about rising electricity bills, expensive groceries, and the lack of decent job opportunities. Small businesses are still trying to recover from years of economic hardship, while many farmers remain vulnerable to rising costs and unpredictable weather.

Although the economy appears to be improving on paper, these gains have not yet changed everyday life for many people. That is why there is still a clear gap between official economic figures and what many Pakistanis experience.

The official figures themselves show why many Pakistanis are still waiting to feel the recovery. While the economy grew by 3.7 percent in FY2025–26, the gains have been uneven. Large-scale manufacturing expanded by 6.1 percent, but agriculture grew by only 2.9 percent, even though it remains the main source of income for millions of Pakistanis. That difference matters. In towns like mine, a stronger manufacturing sector does not necessarily mean better incomes for farming families or small traders. Youth unemployment also remains a major concern, while Pakistan's tax-to-GDP ratio, at around 10 percent, continues to limit the government's ability to invest in education, healthcare, infrastructure, and social protection. Until growth reaches the sectors and communities where most people earn their living, many Pakistanis will continue to wonder where the recovery is.

If Pakistan can build on its recent progress with consistent, inclusive, and forward-looking reforms, today's stabilization can become tomorrow's shared prosperity. Only then will ordinary Pakistanis begin to feel that the country's economic recovery is not just a headline, but a reality.

The problem goes beyond slow growth. Pakistan's biggest challenge is that economic recovery has not been inclusive enough. While some sectors are beginning to recover, they are not creating enough opportunities for the millions of young Pakistanis entering the labour market each year. Agriculture tells a similar story. Although it employs nearly 38 percent of the country's workforce, the sector continues to struggle with rising input costs, water shortages, climate-related shocks, and low productivity. For




many farming families and small traders, these are not distant policy debates but everyday realities that determine whether a business can survive another season.

Businesses across the country face similar difficulties. High energy costs, policy uncertainty, and limited access to affordable credit discourage investment and make it harder to create new jobs. The World Bank has argued that Pakistan's challenge is no longer simply restoring economic stability, but turning that stability into sustained and inclusive growth through structural reforms. That is precisely where the country now stands. Until these deeper issues are addressed, stronger economic indicators alone will not convince ordinary Pakistanis that the economy is truly improving.

The encouraging news is that these challenges are not impossible to address. Pakistan has already shown that it can restore a measure of economic stability. The next step is to make that stability more inclusive. A good place to begin is by expanding the tax base fairly so that more people contribute according to their ability, allowing the government to invest more in education, healthcare, infrastructure, and social protection without placing additional pressure on existing taxpayers.

At the same time, creating jobs must become a central goal of economic policy. This means investing not only in universities but also in technical and vocational training so that young people develop the skills employers are looking for. Rural Pakistan also deserves greater attention.

Small farmers and local businesses need easier access to affordable credit, modern farming techniques, reliable irrigation systems, and better market access to improve productivity and incomes. Finally, climate resilience should no longer be treated as a separate environmental issue. Protecting water resources, improving flood management, and helping farmers adapt to changing weather patterns are now essential for Pakistan's long-term economic future. These reforms will not produce results overnight, but they can ensure that future economic growth is measured not only by stronger statistics but also by better opportunities and living standards for ordinary Pakistanis.

Pakistan has made important progress in restoring economic stability, and that progress should not be overlooked. But stability is only the beginning, not the destination. An economy cannot be considered truly successful if its benefits are reflected only in government reports while millions of families continue to struggle with rising living costs, uncertain incomes, and limited opportunities. The real test of economic policy is whether it improves everyday life, whether young people can find meaningful work, whether small businesses can grow with confidence, and whether farming families can look to the future with greater security rather than greater uncertainty.

If Pakistan can build on its recent progress with consistent, inclusive, and forward-looking reforms, today's stabilization can become tomorrow's shared prosperity. Only then will ordinary Pakistanis begin to feel that the country's economic recovery is not just a headline, but a reality.

# ४१ वर्षपछि प्रतिस्थापन हुँदै खानी ऐन

काठमाडौं । खानी तथा खनिज पदार्थ ऐन, ०४२ लाई प्रतिस्थापन गर्ने गरी संसद् सचिवालयमा 'खानी तथा खनिज पदार्थसम्बन्धी कानुनलाई संशोधन र एकीकरण भई बनेको विधेयक' दर्ता भएको छ । उक्त विधेयक प्रमाणीकरण भएर कानुनको रुप लिएपछि ४१ वर्ष पुरानो ऐन प्रतिस्थापन हुनेछ ।

मुलुक संघीय संरचनामा गइसकेको र खानीको भोगचलन पनि केन्द्र, प्रदेश र स्थानीय तहमा पुगिसकेकाले संघीय ऐन संशोधनका लागि लामो समयदेखि पहल भइरहेको थियो । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले विगतदेखि नै तयारी भइरहेको विधेयकलाई अन्तिम रुप दिएर संसद्मा दर्ता गरेको हो । संसद्मा दर्ता भएको विधेयकमा खानी तथा भूगर्भ विभागले पत्ता लगाएको खानीलाई प्रतिस्पर्धाका माध्यमबाट खनिज पदार्थ उत्खनन गर्न दिने व्यवस्था समेटिएको छ । यस्तो व्यवस्था दफा १६ को उपदफा १ मा राख्ने प्रस्ताव छ । सोसम्बन्धी प्रस्तावमा भनिएको छ, 'विभागले अन्वेषण गरी पत्ता लगाएको खानी तथा खनिज पदार्थको उत्खनन कार्यका लागि तोकिएबमोजिम प्राविधिक तथा आर्थिक रुपमा योग्य कम्पनीमध्ये सबैभन्दा बढी मूल्य प्रस्ताव गर्ने कम्पनीसँग सम्झौता गरी अन्वेषण अनुमतिपत्र जारी गर्न सक्नेछ ।' यसरी छनोट गर्ने पद्धति र प्रक्रिया नियमावली बनाएर व्यवस्था गरिने विधेयकमा उल्लेख छ ।



विभागले प्रकृतिका आधारमा धातु र अधातु गरी दुई क्षेत्रमा खनिजलाई वर्गीकरण गरेको छ । धातुअन्तर्गत सुन, चाँदी, युरेनियम, किल, जस्ता, सिसा, तामालगायत २८ थरीका खानीलाई समेटिएको छ । अधातुअन्तर्गत हिरा, चुनढुंगा, रूबी, क्रिस्टल, जिप्सम, खरी, म्याग्नेसाइट, मार्बल, ग्रेनाइटलगायत ४२ थरीका खनिजलाई समेटिएको छ ।

त्यस्तै, महत्वका आधारमा बहुमूल्य, महत्वपूर्ण र सामान्य गरी तीन भागमा वर्गीकरण गरिएको छ । बहुमूल्यमा सुन, प्लाटिनियम, किमती तथा अर्धकिमती पत्थर (हिरा, रूबी, सफायर, इमरल्ड, कोरन्डम), रेयर अर्थ इलिमेन्ट्स र रेडियोधर्मी खनिज रहेका छन् । महत्वपूर्णतर्फ जस्ता, चाँदी, सिसा, तामा, टिटानियमलगायत ३४ प्रकारका खनिज समेटिएका छन् । सामान्यतर्फ नुन, अभ्रख, ओकर, कोइलालगायत २१ थरीका खनिज समेटिएका छन् ।


विधेयकमा उल्लेख भएअनुसार धातु श्रेणीमा रहेका खनिज पदार्थमध्ये भूमिगत उत्खनन दैनिक १० टनदेखि पाँच सय टनसम्म र सतही उत्खनन दैनिक २५ टनदेखि एक हजार टनसम्मको सीमा तोकिएको छ । अधातु क्षेत्रमा रहेका खनिज पदार्थहरु दैनिक १० टनदेखि दुई हजार टनसम्म उत्खनन गर्न पाउने सीमा तोकिएको छ ।

अन्वेषणका लागि अनुमति दस्तुरबापत ५० हजारदेखि डेढ लाखसम्म, नवीकरण दस्तुर २५ हजारदेखि ७५ हजारसम्म, अवधि थप दस्तुर एक लाखदेखि तीन लाखसम्म, नामसारी दस्तुर अढाई लाखदेखि सात लाख ५० हजारसम्म, धरौटीबापत दुई लाखदेखि ६ लाखसम्म र अनुमतिपत्र प्रतिलिपि दस्तुरबापत एक हजार रूपैयाँ शुल्क तोकिएको छ ।

उत्खननका लागि अनुमतिपत्र दस्तुर डेढ लाखदेखि पाँच लाखसम्म, नवीकरण दस्तुर ७५ हजारदेखि अढाई लाखसम्म, अवधि थप दस्तुर तीन लाखदेखि १० लाखसम्म, नामसारी दस्तुर ६ लाखदेखि २० लाखसम्म, धरौटीबापत ६ लाखदेखि २० लाखसम्म र अनुमतिपत्र प्रतिलिपि दस्तुर २५ सय रूपैयाँ प्रस्ताव गरिएको छ ।



# बालेन : काग कराउँदैछ, पिना सुक्दैछ



• राजन कार्की
rajan2012karki@yahoo.com

बालेन सरकार ढाल्ने विपक्षीको प्रयत्न जारी छ । बालेनले राजीनामा दिनुपर्छ– विपक्षीको एकबुँदे माग यही हो । यो मागका बारेमा विश्लेषकहरु भनिरहेका छन्– काग कराउँदै छ, पिना सुक्दै छ । विपक्षीले मुखले रचनात्मक काममा सहयोग गर्ने, गलत प्रवृत्तिमा बिरोध गर्ने जनाउ दिइरहे पनि शबयात्रामा बजाउने एकोहोरो शंखझैं कान फुक्ने, खुट्टा तान्न, नाक काट्ने, मुख बिगान सबै बिरोधी हर्कत गरिनै रहेका छन् ।

मुखमा राम राम बगलीमा छुरा चरित्र बिपक्षीहरुको सबैले अनुभूत गरेका छन् । बालेन सरकार हात्ती लस्केझैं अगाडि बढिरहेको छ । जनमुखी सरकार, लोकतान्त्रिक सरकार, जनादेशको संवोधन कसरी हुन्छ भनेर देखाउने नतिजामुखी काम गर्न अग्रसर भइनै रहेको देखिन्छ ।

बहुदल र गणतान्त्रिक लोकतन्त्रको परिवर्तन भोगियो तर यथार्थमा परिवर्तन, रूपान्तरण भएकै रहेन छ । त्यसैको फलस्वरूप जेनजी बिद्रोह भयो, विद्रोहपछिको फागुन २१ मा युवा समर्थनले रास्वपाले चुनाव जित्यो, नयाँ युवाको सरकार पनि बन्यो तर अझै राजनीतिक रूपान्तरण भयो भन्न सकिन्न । नयाँ पुस्तालाई जनादेश प्राप्त भएपछि परिवर्तन हुने आशा पलाएको हो, अझै त्यो आशाले साकार रूप लिन सकेको छैन । यतिबेला नेपाल परिवर्तन र रुपान्तरणको चौबाटोमा उभिन पुगेको छ । वास्तवमै राष्ट्रमा रूपान्तरण र परिवर्तन प्रमाणित होला त ? धेरैले प्रश्न गर्न थालेका छन् । विज्ञहरु भन्छन्– भर्खर चार महिना भयो केही समय पर्खनुपर्छ, काम गर्छ भने गर्न दिनुपर्छ ।

देशमा अनेक परिवर्तन, अनेक आन्दोलन, अनेक राजनीतिक घटनाक्रम घटेका छन् । जनयुद्ध र पछिको आन्दोलन के आन्दोलन ? त्यति ठूलो जेनजी बिद्रोह देशले भोग्यो । यही विद्रोहलाई जनताले साथ दिए, चुनावमा मत दिए, अभूतपूर्व जनादेश रास्वपाले पायो । तर स्थिरता र सुशासन, भ्रष्टाचार र अराजकताबाट मुक्ति पाउन सकिएको छैन । कतै जनअपेक्षासहितको रणनीतिक सत्ता परिवर्तन जनमतको भड्काव सावित हुने त होइन ? लामो अनिश्चितताको चक्र च्यातेर आएको यो नयाँ पुस्ताको नेतृत्व राष्ट्रिय रणनीतिक स्थिरताको प्रत्याभूति हुनुपर्नेछ । ४ महिनामा त्यस्तो प्रत्याभूतिका सामान्य संकेत बाहेक केही देख्न पाइएको छैन ।

बहुदलपछि संविधान बहस, निर्माण र आवधिक चुनावले राष्ट्रिय विश्वासको जगेर्ना गर्नैसकेन । अस्थिरता, अराजकता, अविश्वास, भ्रष्टाचार, कुशासन बढ्दै गयो । अहिले ऐतिहासिक जनादेशसहितको सरकार छ, यो सरकारले सुशासन दिन्छु भनेको छ, भ्रष्टाचारीमाथि अनुसन्धान सुरू गरेको छ । तर ऐंजेरूका रूपमा रहेका पुराना भ्रष्ट नीति, सिद्धान्त, नैतिकहीन नेतृत्व कारवाहीबाट भयभित छ । यसकारण नयाँ पुस्ताको सरकारलाई जसरी पनि असफल पार्न दृढसंकल्पित रहेको देखिन्छ । नयाँ पुस्ताको सरकारले आत्मविश्वास, नियत सफा राखेर विश्वसनीयता आर्जन गर्दैछ, यही मियोमा राजनीतिक परिवर्तन र रूपान्तरण फल्न फुल्न सक्ने देखिन्छ । जब राष्ट्रिय आत्मविश्वास राष्ट्रिय मूल नीति बन्छ, अन्तर्राष्ट्रिय साझेदारी र विश्वास आफसेआफ फलिभूत हुँदै जानेछ । २०४६ सालमा बहुदल आयो, दलहरुमा स्वत्ता स्वार्थका कारण नीति र नैतिकशक्ति गुमाउँदै गए । परिवर्तनपछिको रणनीति विफल हुँदै गयो । यही विफलताले केही समय राजशाही ब्यूँतायो, राजाको इच्छाले होइन, दलीय स्वार्थका कारण । राजाबाट सत्ता खोस्नका लागि २००५ नोभेम्बरमा सातदलीय गठबन्धन र माओवादीबीच दिल्लीमा १२–बुँदे समझदारी हुनु नेपाली राजनीतिको दुर्भाग्य हो । यही सम्झौताका कारण भारतले नेपालको परिवर्तनमा आफ्नो हिस्सेदारी र साझेदारी जनाइरहेको छ ।

जनअपेक्षा संवोधन गर्न बहुदल र गणतन्त्र चुक्यो । जनतामा असन्तोष व्याप्त भयो । आमनागरिक र त्यसमा नयाँ पुस्ता जुट्यो र जेनजी विद्रोह हुनपुग्यो । बहुदल र गणतन्त्रवादीहरु पुच्छर लुकाएर भागे । २७ घण्टामा गणतान्त्रिक सरकारले ज्यान बचाएर भाग्नुपर्‍यो । जेनजी विद्रोह ऐतिहासिक थियो, फागुन २१ को निर्वाचन पनि ऐतिहासिक थियो ।

यी सबै घटनाक्रम जनताप्रति जवाफदेही शासन, आर्थिक र रोजगारीको अवसर, परिणाममुखी राज्य, भ्रष्टाचारको अन्त गरेर सुशासन दिनसक्ने साह जनताको च्वाइस थियो । बहुदलपछि कुनै पनि नेताले दिन नसकेको परिवर्तन दिन्छौं भनेर रास्वपा अगाडि आएको छ, बालेन साह प्रधानमन्त्री बनेका छन् । हिजोका कुडाकरकटले जतिसुकै अल्झो थापे पनि बालेन साह निरन्तर जनतासँग गरेको करार अनुसार काम गर्दै अगाडि बढिरहेका छन् । तर बालेन सरकारलाई सहयोग गर्नुपर्छ भन्ने धारणा प्रजातान्त्रिक जिम्मेवारी विपक्षी दलहरूले बनाउन सकेनन् । रास्वपा सरकारका लागि आन्तरिक राजनीतिले गर्ने खोक्रो बिरोधको मात्र सामना गर्ने हो । तर भूराजनीतिको गोलचक्कर जुन छ, भारत–चीन–पश्चिमी शक्तिहरुबीच सन्तुलन गर्न निकै कठिन देखिन्छ । बालेनलाई सुशासन स्थापित नगरी भूराजनीतिबाट निस्कन धेरै मुस्किल देखिएको छ । बालेनसँग आमनागरिकमा धेरै आशा छ, त्यो आशा परिपूर्ति गर्न बालेनका लागि वर्तमान कालखण्ड फलामको च्यूरा चपाउनु भन्दा कडा देखिदैछ । आन्तरिक राजनीतिक खिचलो, बाह्य दबाब र कूटनीति नेपालका लागि सयमनको भारी बन्न पुगेको छ । २०४६ सालदेखि जो दल र नेताहरु थिए, आज पनि तिनै राजनीतिका बादशाही बनेर उभिएका छन् । उनीहरु पुस्तान्तरण र राजनीतिक नेतृत्व हस्तान्तरणतिर उन्मुख छैनन् । अझै हामी नै राजनीतिका बादशाह हौं भन्ने भ्रम पालेर बसेका छन् ।

भ्रम कहिले पनि सत्य हुनसक्दैन । भ्रम केही छिन सही लागे पनि अन्ततः सधैं जनतालाई भ्रमित पारिरहन सकिन्न । हिजोका भ्रमपूर्ण शासनलाई जनताले लुगा च्यातेझैं च्यातिसके । राजनीतिक बादल फाटिसक्यो बालेन सरकार पनि भ्रम छरेर चल्न सक्दैन । बालेन भ्रम छर्न पनि चाहँदैनन् पनि । उनले सिधै भनेका छन्– म काम गर्न आएको हुँ, काम गर्छु, कुनै पनि खतरासँग डराउँदिन । नेपाललाई चाहिएको यस्तै दह्रो प्रधानमन्त्री हो । रास्वपा र बालेन के हुन् ? समयले बताउला ?

बहुदलपछि ३५ वर्षमा ३१ सरकार बन्यो, कुनै नतिजा दिन सकेनन् । बहुदल र लोकतन्त्र भनेर समय बित्यो, राज्य सम्पत्तिको लूटमात्र चलिरह्यो । एउटा जेनजी आन्दोलनलाई थाम्न सकेन बहुदल र गणतान्त्रिक लोकतन्त्रले ।

नेपालको जेनजी सरकार, बालेन साहको नेतृत्व, पहिलोपल्ट विश्वभरि चर्चा पाएको बालेन साह जो प्रधानमन्त्री बने, उनले नेपाल र नेपालीको शिर उच्च राख्छन् भन्ने विश्वास जनतामा छ ।

हिजोको समयले परिवर्तनको आकार दिन सकेन । त्यसैले असफल भए ।

आजको समयले परिवर्तनको आकार खोजिरहेको छ । नयाँ जनादेश, संस्थागत सुधार, प्रभावकारी शासन, र नागरिक जीवनमा प्रजातन्त्र समयको खोज हो । यो खाजलाई जनजीवनमा बालेन सरकारले दिन खोजेको छ । दिन्छ भन्ने विश्वास जगाएको छ । प्रमाणित भइसकेको छैन ।

हुन त ४ महिनामै हुनसक्ने विषय होइन यो । पुरानाले गर्न पनि ३५ वर्षमा बेपर्व भ्रष्टाचार गरेका रहेछन् । नयाँ अहिलेसम्म भ्रष्टाचारमा मुछिएका छैनन्, नियतमा शंका छैन । अनुभवको कमीले कमजोरी धेरै छन्, सुधार्न जरूरी छ । हिजोजस्तो व्यक्ति शोषण, संस्था शोषण, राष्ट्रिय ढुकुटी र राष्ट्रिय सम्पत्तिको दोहन रोकिएको देखिन्छ । यो जनमुखीपन हो ।

यो सरकारले अस्थिरता, कमजोर शासन, संस्थागत भ्रष्टाचार, अत्यधिक राजनीतिकरण, र नौकरशाही जडतालाई विधिको हम्मरले फुटाउने र न्यायपूर्ण शासनविधि बसाल्ने अवसर छ । यो अपूर्व अवसर हो, यसका बालेन सरकारसँग राजनीतिक वैधता, संसदीय शक्ति, र जनादेश छ । हेर्नु यत्ति छ, विपक्षीको कटाक्ष, उग्रविरोध, अवरोधलाई पन्छाउँदै प्राप्त यो अवसरलाई रास्वपा र बालेन सरकारले के कसरी सदुपयोग गर्ने हो ? जनादेशको सम्मान गर्ने हो ?




Abhiyan weekly_2083_Sawan_22.indd 3 8/6/2026 3:35:52 PM

पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

## के रास्वपा र बालेन सरकारप्रति जनताको विश्वास टुट्दै गएको हो ?

*साउन १० गते राति सुनसरीको भएको साम्प्रदायिक तनाव मधेश प्रदेशका अन्य स्थानमा फैलँदै गर्दा रास्वपाका सभापति रवि लामिछानले एकपछि अर्को राजनीति सम्वाद गर्न थालेका थिए । सभापति लामिछनको सक्रियतापछिमात्र प्रधानमन्त्री बालेन साहले समेत सम्वाद गर्न थालेका थिए । प्रधानमन्त्री बालेन नेतृत्वको सरकारले पूराना भनिएका राजनीतिक दलका शिर्ष नेताहरूप्रति लिएको प्रतिशोध र पूराना दलहरूलाई गरिएको व्यवहारले गर्दा साम्प्रदायिक तनाव फैलिएको स्थानमा पुराना दलका नेता र कार्यकर्ताहरू चुपचाप रहे । त्यही कारणले गर्दा लामिछने सक्रिय भएर सम्वादमा जुटेभने सभापति सम्वादमा जुटेपछि मात्र बालेन सरकारका आँखा खुलेका थिए । लामिछाने अघि अघि र प्रधानमन्त्री बालेपनपछि पछि सम्वादमा लागेका थिए । सभापति लामिछानेले तीन दिनमा कम्तिमा आधा दर्जन सामूहिक भेटघाट गरेभने त्यसैको सिको गर्दै प्रधानमन्त्री बालेन पनि उस्तै भेटघाट गरे ।*

*सुनसरी घटनामा सुरुदेखि नै प्रधानमन्त्री साह र गहृमन्त्री सुधन गुरुङको राजनीतिक र सामाजिक समाधान खोज्नुको बदला प्रहरी र सेना परिचालनबाट नियन्त्रयमा लिने उपायमा लागे । त्यही बेला लामिछाने सम्वादमा अग्रसर भएका थिए । यस्तो पहल प्रधानमन्त्री बालेनबाट नभएको भन्दै आलोचना हुन थालेपछि मात्र प्रधानमन्त्री बालेनले पनि लामिछानेको जस्तै प्रकृत्तिको सम्वाद सुरु गरेका थिए । सभापति लामिछानले घटनाको दोस्रो दिन मै विज्ञप्ति निकालेर संयम हुन सार्वजनिक आह्वान नै गरेका मात्र थिएनन त्यसको लगत्तै राजनीतिक र धार्मिक नेताहरूसँग बसेर समस्याको समाधानका उपाय खोज्न अग्रसर भएका थिए भने त्यसबेलासम्म प्रधानमन्त्री बालेन भने चुपचाप रहेर हेरिरहेका थिए । भुई तहमा जे देखियो त्यसमा प्रधानमन्त्री बालेन र सरकारले गम्भीरता नदेखाएको र पुरानै शासनशैली सुनसरीको घटना सन्दर्भमा देखिएको थियो । प्रधानमन्त्री र सरकारमा रहेकाहरूलाई हामीले जे पनि गर्छौं त्यही ठीक भन्ने मनोवृत्तिमा लागेका हुनाले सुनसरीको जस्तै घटना अन्यन्त्र तिर पनि पुगेको थियो । रवि र बालेनले गरेको समानान्तर गतिविधि त्यसैको प्रकट रुप हो । त्यसको विऊ प्रधानमन्त्री बालेनले सपथ लिन अघि चैत्र १३ गते अघि नै रोपेका थिए ।*

*सुनसरीको देवानगञ्ज गाउँपालिका ३ मा १० श्रावणको राति १० बजेतिर दुई धार्मिक समूहबीच झडप भएको थियो । त्यसलाई नियन्त्रणमा लिन सुरक्षाकर्मीले बल प्रयोग गर्दा १ जनाको त्यही रात र अर्को १ जनाको उपचारको क्रममा गत विहिबार अर्थात श्रावण १४ गते निधन भएको थियो भने अन्य र स्थानीय र १३ जना सुरक्षाकर्मी घाइते भएका थिए । सुनसरीको घटनाबाटै तनाव तत्काल मत्थर पार्न नसकेको खण्डमा अन्यन्त्रपनि त्यसको प्रभाव पर्न सक्ने आंकलन सर्वत्रबाट भइरहेको थियो । तर सरकारका तर्फबाट तत्काल शान्ति सुरक्षा र धार्मिक सद्भाव कायम गर्न कुनै पहल सम्म गरिएन । रास्वपा सभापतिले श्रावण १२ गते अपरान्ह ५ बजेतिर सद्भाव कामय गर्न आह्वान गर्दै विज्ञप्ति जारी गरेपछि मात्र करिब ५ घण्टा पछि प्रधानमन्त्री बालेनले यस विषयमा सामाजिक सञ्जाल फेसबुकमा स्टाटस लेखे । त्यसको लगत्तै घटनाबारे प्रधानमन्त्री कार्यालयबाट विज्ञप्ति जारी भयो । विज्ञप्तिमा सुनसरीको घटनाले समाज माडिने र एकले अर्कोलाई देख्दा डराउने अवस्था आइपुगेको विज्ञप्तिमा उल्लेख गरिएको थियो ।*

*प्रधानमन्त्री बालेनले घटनामा ज्यान गुमाएकालाई कानुन बमोजिम न्याय दिने क्षतिपूर्ति दिने र कसुरदारलाई कानुन बमोजिम कारबाही गरिने प्रतिवद्धता विज्ञप्तिमा जनाएका थिए । तर प्रधानमन्त्री बालेनले घटना भएको दिन अर्थात १० गते बेलुका नै विज्ञप्ति निकालेका भए त्यस्तो घटना अन्यन्त्र फैलिन सक्ने अवस्था थिएन । सरकारले घटनाको सुरु देखि नै प्रहरीलाई सजग गराएर आफ्नो उपस्थिति देखाएको भएपनि त्यहाँ पुग्दा उपस्थिति नै भएन । घटनामा सुरक्षाकर्मीले गोली प्रहार गरे । ज्यान गयो, घाते भए सुरक्षाकर्मीबाटै यस्तो क्षति हुनु कुनै हालतमा पनि सामान्य हुन सक्दैन । यस्ता शब्द प्रयोग गरेर प्रधानमन्त्री बालेनले स्टाटस लेखेका र विज्ञप्ति नै जारी गरेका हुनाले यस्तो घटना कसरी घट्यो कसले घटायो भनेर त्यसको छानविन गरी दोषी देखिएका व्यक्तिहरूलाई कानुन बमोजिम कारबाही हुनुपर्दछ ।*

*रास्वपा सभापति लामिछाने विज्ञप्ति र प्रधानमन्त्री बालेनलको विज्ञप्तिपछि पनि सुनसरीको तनाव साम्य भएन । बरु सिराहा, धनुषा, पर्सा हुँदै मधेश प्रदेशका अन्य जिल्लामा पनि तनाव फैलिन थाल्यो । सुनसरी घटनाको भोलीपल्ट जिल्ला प्रशासन कार्यालयले कफ्र्यु जारी गऱ्यो । त्यही दिन दिउँसो १ बजे नेपाली सेनाको बख्तरबन्द गाडी गस्तीमा निस्कियो । गृह मन्त्रालयले भने घटनाको छानविन गर्न गृहकै सहसचिवको नेतृत्वमा समिति गठन गरेको भएपनि त्यसले अरु त्रासमात्र देखाएर सरकार अघि बढ्न खोजेको र सरकारप्रति जनताको विश्वास टुटुदै गएको जस्तो देखिएको हो भन्ने हामीले ठानेका छौं ।*

# संसदीय मर्यादामा चलोस् सरकार

**बलराम केसी**

खेलको नियम पालना सबैले गर्नुपर्छ । हारियो भने अर्को 'टुर्नामेन्ट' पर्खनुपर्छ । राजनीति पनि खेल हो । यसको पनि नियम छ । चुनाव जित्ने दलको सरकार बन्छ । राजनीतिक खेलमा हार्ने टिमले सरकारलाई सडकबाट ढाल्ने प्रयास गर्नुहुँदैन । असभ्यले मात्र त्यस्तो गर्छ । चुनाव हराइयो भनेर भ्रम फैलाउन हुँदैन । नयाँ सरकारको रिस गर्नुभन्दा हारको समीक्षा गर्नुपर्छ । रिसले आफैँलाई खान्छ, बुद्धिले अरूलाई खान्छ । सरकार ढाल्ने सपना देखेर जनतालाई 'मिस इन्फर्म्ड, डिस इन्फर्म्ड र मिस लिड' गरेर झुक्याउन हुँदैन । बहुमतको सरकार ढालेर देश अस्तव्यस्त गराउन पाइँदैन । ३०८ धाराको संविधानमा २४५ धारा काम नलाग्ने बनाइएछ भनेर आत्मालोचना गर्नुपर्नेमा पुनः प्रधानमन्त्रीको सपना देख्न हुँदैन । तपाईंहरू कहिले सुन्ने हो ? आठ वर्ष लगाएर अर्बौं खर्च गरेर बनाइएको संविधान लागू भएको १२ वर्षसमेत हिसाब गर्दा २० वर्ष खेर गएकोमा चिन्ता छैन । प्रधानमन्त्री हुन नपाएकामा मात्र चिन्ता देखियो नेतागणमा । चिन्ता सरकार ढाल्नेपट्टि गयो । चिन्ता कसरी प्रधानमन्त्री बन्ने भन्नेमा छ ।

नेपाल प्रधानमन्त्रीहरूबाट 'पीडित' देश हो । देशको समस्या नै प्रधानमन्त्रीहरू बने पनि देश नबन्नु नै हो । सबैमा 'म कतिपटक प्रधानमन्त्री बन्न सक्छु र कति टिक्न सक्छु' भन्ने मात्र चिन्ता भयो । संशोधन गर्दा 'प्रधानमन्त्री दुईपटक मात्र बन्न सक्ने' व्यवस्था राख्नुपर्छ अब । प्रतिबन्धात्मक वाक्यांश राखेर 'यो संशोधन लागू हुनुअगाडि प्रधानमन्त्री भइसकेको पटकसमेत गणना हुनेछ' भन्ने व्यवस्था नराख्ने हो भने वा नयाँ संविधान नै बनाए पनि सिसी नयाँ तर रक्सी पुरानै हुनेछ । याद रहोस्, पुरानाले यो व्यवस्था संशोधन गर्न दिँदैनन् ।

संशोधन गर्दा 'आधारभूत संरचना' राख्नुपर्छ । सरकार गठनको पहिलो दुई वर्ष सरकार हटाउन नपाउने व्यवस्था हुँदा त दुई वर्षमा चारवटा सरकार ढाल्ने काम भयो । दुईपटक त संसद् विघटन नै गरे । भविष्यमा पनि अर्को सातबुँदे सहमति गरेर जे पनि गर्न सक्छन् । त्यसैले, संशोधन गर्न नपाइने केही आधारभूत संरचना नराख्ने हो भने संशोधनको अर्थ हुँदैन । ८० प्रतिशत अर्थात् २४५ वटा धारा संशोधन भनेको नयाँ गाडी खरिद गर्नु नै बेस भनेजस्तो हो । यो नेताले सोच्ने कुरा हो ।

सरकार सञ्चलनमा परिपक्वता कम देखिन्छ । कुनै विषयमा प्रधानमन्त्री एकातर्फ मन्त्रीहरू अर्कातर्फ देखिन्छ । सरकार संसदीय मान्यताभन्दा फरक ढंगले चलिरहेको देखिन्छ । यसले कुनै दिन संवैधानिक संकट ननिम्त्याओस् । प्रजातन्त्र भनेको 'इन्फर्म्ड' जनताको बहुमतबाट जित्नेले देश चलाउने व्यवस्था हो । चुनाव हारेका दलले समाजलाई 'मिस इन्फर्म्ड', 'डिस इन्फर्म्ड' र 'मिस लिड' गरेर सरकार ढाल्ने प्रजातन्त्र हो भनेर झुक्याइरहेका छन् । ढुंगामुढा, तोडफोड, सार्वजनिक सम्पत्ति नाश गरेर सरकार ढाल्न पाइन्छ भन्ने भ्रम फैलाइएको छ ।

समस्या जनता र संविधान होइनन् । समस्या गणतन्त्रका ज्येष्ठ नेताको प्रधानमन्त्री पदको लोभ र 'संसदीय कल्चर'को अभाव हो । संसदीय कल्चरको नेता भनेको बेलायतको हालै राजीनामा गरेका प्रधानमन्त्री 'किथ स्टार्मर' हुन् । हाम्रोमा पद गएको विपक्षी दल होइन, विद्रोही दल बन्ने संस्कार बन्यो ।

सरकार अमेरिकाको, भारतको, होली वाइनको, बारबरा फाउन्डेसनको र धाँधली गरेर बनेको भन्ने भ्रम फैलाइएको छ, आधार भने दिएका छैनन् । यो सरकार नेपालीले आफूले चाहेअनुसार मतपेटिकामा खसालेको मतबाट बनेको सरकार हो । यो सरकार गठनपछि कुनै भ्रष्टाचार काण्ड सुनिएको छैन । सरकार गठनपछि गरेका निर्णयले नेपालीमा ठुलै आशा पनि जगाएको थियो । तर, त्यसपछि प्रधानमन्त्रीको 'एक्लो दौड' र संसद् लाई नटेर्ने 'अटेरी स्टाइल'बाट आमनेपाली मतदाता चिन्तित हुँदै गएका छन् ।

सरकारको प्रगति 'रिपोर्ट' ८७ प्रतिशत सार्वजनिक भइको छ । संसद्प्रति उत्तरदायी हुने सरकारले देखाएको तथ्यांक साँचो मान्नुपर्छ । कुशासन र भ्रष्टाचारले भरिएको प्रशासनिक संयन्त्र यो सरकारले सम्हालेको हो । उसले देशमा शुद्धीकरण र विकास निर्माणको जग बसाल्न खोज्दै छ । तर, विपक्षी दलको सट्टा 'विद्रोही' बनेका दलले जनतामाझ भ्रम छरेर अशान्ति मच्चाएर सरकार ढाल्ने योजना बनाइरहेका छन् । कसरी ढाल्ने ? किन ढाल्ने ? के गरेर ढाल्ने ? तत, ढालिसकेपछिको रोडम्याप भने छैन ।

घाँटीभरि माला, शिलान्यास र अपूरो योजनाको उद्घाटन, कार्यकर्ताको भिडले घेरिएको, मोटर कारगेडको लस्करमा हुने सवारी, लाख पर्ने आयोजनालाई दुई लाख खर्चेर गर्ने उद्घाटन, भाषणबाट मात्र विकास गर्ने, उद्घाटनपछि उद्घाटनस्थल गाईबाख्रा चर्ने मैदानमा परिणत हुने, समुद्रमा नेपाली पानिजहाजको सपना देखाउने, चुच्चे रेल, घरघरमा ग्यासको कथा सुनाउने 'संस्कार' वर्तमान प्रधानमन्त्रीमा देखिँदैन । उहाँ नचाहिने भाषण गर्नुहुन्न । विनाप्रचार, विनास्वागत, विनाफूलमाला, विनातामझाम, विनाशिल्यानास र उद्घाटन काम गरिरहेका प्रधानमन्त्री पाँच वर्षका लागि पुरानालाई खतरा देखेर सरकार ढाल्ने षड्यन्त्र बन्यो ।

सरकारको काममा केही सुधार आवश्यक देखिन्छ । जनतामा भ्रम छरेर रमाउनेले प्रधानमन्त्रीले सिंहदरबारमा बसेर चुपचाप काम गरेको सहन नसक्नु स्वाभाविक हो । सरकारका केही निर्णय सर्वोच्च अदालतबाट रोकिएका छन् । शक्ति पृथकीकरण गरिएको देशमा सर्वोच्च अदालतले कुनै निर्णय रोक्यो भने अदालतलाई दोष दिनुभन्दा सरकारले आफ्नो काम-कारबाहीमा 'रिभिजिट' गर्नुपर्छ । गल्ती रहेछ भने सुधार्नुपर्छ । सबैमा नहोला, तर केही निर्णयमा सरकारको परिपक्वता देखिएको छैन । सरकारको 'डिसिजन मेकिङ प्रोसेस'मा त्रुटि देखिएको छ । अदालतबाट पनि यदाकदा कुनै निर्णय र आदेश विवादास्पद नआएका होइनन् । तर, कानुनी शासनमा अदालतको आदेश सबैले मान्नुपर्छ । सरकार संसदीय व्यवस्थाको परम्परा, 'कन्भेन्सन कल्चर' र मर्यादामा चल्न नसकेको पनि हो । जनतामाझ भ्रम फैलाएर सरकारको बदनाम गरिने यस्तै कार्यले गर्दा हो ।

भ्रममा पारिएकाहरूलाई संसद्बाट जवाफ दिएर विपक्षीलाई चुप लगाउने कर्तव्य प्रधानमन्त्रीको हो । तर, उहाँमा यही कमजोरी देखिएको छ । सरकार संसदीय कल्चरमा भिज्नुपर्छ । संसदीय व्यवस्थामा 'संसद् माइनस प्रधानमन्त्री' र राजनीतिक दल माइनस प्रधानमन्त्री, प्रधानमन्त्री माइनस राजनीतिक दल, क्याबिनेट, कलिग माइनस प्रधानमन्त्री र ब्युरोक्रेसी माइनस प्रधानमन्त्रीको कल्पना गरिँदैन । तर, बालेन सरकारका काम-कारबाहीबाट हुन नहुने कुनै लक्षण भने देखिएको छ । मेयर हुँदाको कामले गर्दा तीन करोड नेपालीले प्रधानमन्त्री बनाए ।

काठमाडौं फोहोरले भरिएको राजधानी थियो । अव्यवस्थित सवारी, खोला मिचेर, सार्वजनिक जग्गा मिचेर, सडक मिचेर, विनानक्सापास मनपरी घर बनाएर काठमाडौंलाई अव्यवस्थित सहर बनाइएको थियो । मेयर बालेन ती 'रङ'लाई 'राइट' गरेर काठमाडौंलाई खुला म्युजियम बनाएर चर्चित हुनुभयो । काठमाडौं सुधारेकाले सिंगो नेपाल सुधार्नुहोला भनेर झापाका मतदाताले काठमाडौंका मेयर बालेनलाई जिताएर प्रधानमन्त्री बालेन बनाएका हुन् । यो ऋण तिर्न 'जनतामैत्री प्रधानमन्त्री बालेन' बन्न सक्नुपर्छ । प्रधानमन्त्रीज्यू, याद गरौं, अहिले तपाईंविरूद्धका दलले तपाईंको सरकार जसरी पनि पतन होस् भनेर अहोरात्र हवन लगाइराखेका छन् । आफैँ ढल्ने काम नगरौँ ।

अन्त्यमा, (१) नेपाल सरकारले हालै सर्वोच्चका चार न्यायाधीशलाई महाभियोग लगाउने हल्ला छ । हो, होइन, थाहा भएन । तर, एकमुष्ट चार न्यायाधीशलाई महाभियोग लगाउन हुँदैन । देशभित्र र अन्तर्राष्ट्रिय समुदायमा पनि स्वतन्त्र न्यायपालिकामाथि हस्तक्षेप गरेको आरोप लाग्छ । यस्तो कार्य गर्ने हो भने नयाँ चार न्यायाधीश नियुक्त गरेर रास्वपाले 'कोर्ट प्याकेजिङ' गऱ्यो भन्ने आरोप लाग्छ । सर्वोच्च अदालतका न्यायाधीशलाई महाभियोग नलाग्ने होइन, लाग्छ । तर, कुनै न्यायाधीशले काममा अक्षमता देखाएमा अथवा फैसलामा राजनीतिक झुकाव देखिएमा अथवा भ्रष्टाचारजन्य कामको प्रमाण देखिएमा सम्बन्धित न्यायाधीशलाई महाभियोग लाग्न सक्छ र लगाउनु पनि पर्छ । तर, विनाआधार 'कोर्ट प्याकेजिङ'का हिसाबले एकमुष्ट महाभियोग लगाएर न्यायाधीश त्रसित हुने वातावरण सिर्जना गर्नुहुँदैन ।

'एम्नेस्टी इन्टरनेसनल, ह्युमन राइट वाच र इन्टरनेसनल कमिसन ज्युरिस्ट'ले पनि महाभियोग लगाउने भयो भनेर हल्ला फिँजाइरहेछन् । कानुनमन्त्रीले त होइन भनेकै हुन् । तीन वर्षअगाडि दुईपटक संसद् विघटन गर्दा तत्कालीन ओली सरकारले सार्वजनिक रूपमै संसद् विघटन बदर गर्ने दुई इजलासका १० न्यायमूर्तिलाई अभियोग लगाउने भनेर खाली कागजमा आफ्नै सांसदको सही गराएर राखेको सार्वजनिक छ । त्यतिवेला ती तीन निकाय बोलेनन् । तर, आज कानुनमन्त्रीले होइन भन्दाभन्दै पनि ती तीन निकायले कसरी बोले, यसको स्रोत र स्पष्टीकरण सरकारले ती निकायसँग माग्नैपर्छ र तिनले स्रोत खुलाउनु पनि पर्छ । तर, यसो गर्न सरकारले महाभियोग लगाउने कार्य भने गर्नुहुँदैन ।

(२) विपक्षी दलले निर्वाचन स्वतन्त्र भएन भन्ने भ्रम नछरौँ । राष्ट्रियता, सार्वभौमसत्ता, स्वाधीनता र स्वाभिमानको सुगारटान नगरौँ । युक्रेन हेरौँ, ग्रिनल्यान्ड हेरौँ । क्यानडा हेरौँ । ती देशलाई अमेरिकी राष्ट्रपतिले एकाउन्नौँ राज्य बनाउँछु भन्दै हुनुहुन्छ । ती राष्ट्रमा कसैले पनि सार्वभौमसत्ता र देशप्रेम भजाएर राजनीति गरेनन् । कुनै दलको कुनै प्रधानमन्त्रीले चुनाव हार्दैमा देशको सार्वभौमसत्ता जाँदैन । कुनै दलको नेताले पनि सिंहदरबार चलाउन मजति जान्ने कोही छैन, म प्रधानमन्त्री भइनँ भने नेपाललाई भारतले सिक्किम बनाउँछ भन्ने भ्रम नफैलाऔँ र आफू पनि भ्रममा नपरौँ । यो देश तीन करोड नेपालीको हो । नेपालीले बचाउँछन् । *-नयाँ पत्रिका*

> कुनै पनि समस्याको दीर्घकालीन समाधानका लागि राज्यले निष्पक्ष र प्रभावकारी रूपमा कानुन कार्यान्वयन गर्नुपर्छ । शिक्षा प्रणालीले सहिष्णुता, विविधताको सम्मान, संवैधानिक मूल्य र आलोचनात्मक सोचलाई प्रवर्द्धन गर्नुपर्छ । सञ्चारमाध्यम र सामाजिक सञ्जाल प्रयोगकर्ताले तथ्यको पुष्टि नगरी सामग्री प्रसारण नगर्ने तथा कुनै समुदायलाई सामूहिक रूपमा दोषी नठहऱ्याउने संस्कृतिको विकास गर्न आवश्यक छ ।

Abhiyan weekly_2083_Sawan_22.indd 4 8/6/2026 3:35:53 PM

# छिमेकीहरू खोजिरहेको कप्तानगन्ज

भोजराज पौडेल

चन्द्रकिशोर

कप्तानगन्ज (सुनसरी) मा आगो लागेको दिन सबैभन्दा पहिले के जलायो ? जलेका पसल, फुटेका सिसा, बन्द भएका बजार वा सडकमा फैलिएको त्रासमा मात्रै यो प्रश्नको उत्तर खोजियो भने त्यो अधुरो रहन्छ । आगोले एउटा अर्को चिज पनि जलायो- छिमेकीमाथिको भरोसा । भरोसा जल्दा धूवाँ देखिँदैन । त्यसको खरानी पनि सडकमा भेटिँदैन । तर, त्यसको असर धेरै लामो हुन्छ । एउटा पसलेले आफ्नो पसल खोल्नुअघि वरिपरि हेर्न थाल्छ । एउटा परिवारले बच्चालाई बाहिर पठाउनुअघि उसको पहिचान सम्झिन थाल्छ । एउटै बजारमा वर्षौंदेखि सँगै व्यापार गरेका मानिसहरू अचानक एकअर्कालाई केवल व्यक्तिका रूपमा होइन, कुनै धार्मिक समुदायका प्रतिनिधिका रूपमा हेर्न थाल्छन् ।

आशंका सानो हुँदा पनि त्यसले धेरै ठाउँ ओगट्छ । अहिले कहिलेकाहीं अनुहारभन्दा पहिले उसको पहिचानको खोजी गरिन्छ । एउटा पसलको नाम पढेर मानिसले पसलेको धर्म अनुमान गर्न थाल्छ । टोपी, टीका, दाह्री, पोसाक वा धार्मिक चिह्नले मानिसलाई मानिसभन्दा पहिले कुनै समूहको प्रतिनिधि बनाउन थाल्छ ।

त्यसपछि समाजमा एउटा अनौठो परिवर्तन हुन्छ । धार्मिक तनावको सबैभन्दा ठूलो क्षति घर वा पसल जल्नु होइन । मानिसले आफ्नो छिमेकीलाई छिमेकीभन्दा पहिले एउटा शंकास्पद पहिचानका रूपमा देख्न थाल्नु हो ।

मानिस उही हुन्छ, तर तिनलाई हेर्ने दृष्टि बदलिन्छ । कप्तानगन्ज अहिले यही बदलिएको दृष्टिबीच उभिएको छ । सुनसरीको कप्तानगन्जबाट सल्किएको आगो मधेशका कैयौं जिल्लामा फैलियो । घटनाका स्वरूप र स्थानीय परिस्थिति फरक हुन सक्छन्, तर त्यसले एउटा साझा मनोविज्ञानलाई छोयो- असुरक्षा र आशंकाको मनोविज्ञान । एक पक्षले आफूलाई असुरक्षित ठान्यो, अर्को पक्षले पहिलो पक्षको आक्रोशलाई आफ्नो अस्तित्वमाथिकै खतरा ठान्यो । यसरी डरले डरलाई जन्म दिएको छ । धार्मिक तनावको समाजशास्त्र बुझ्न यहींबाट सुरू गर्नुपर्छ । धार्मिक तनाव प्रायः धर्मबाट सुरू हुँदैन । त्यो असुरक्षा, सामाजिक दूरी, राजनीतिक प्रतिस्पर्धा, अफवाह, संस्थागत कमजोरी र राज्यप्रतिको अविश्वासको जमिनमा उम्रिन्छ । धर्म त्यस तनावको भाषा बन्न सक्छ । धर्मले मानिसलाई चाँडो चिनाउँछ, छिटो संगठित गर्छ र भावनात्मक रूपमा जोड्छ । त्यसैले राजनीतिक स्वार्थका लागि धर्म एउटा शक्तिशाली माध्यम बन्न सक्छ । तर, धर्म तनावको कारण मात्रै होइन । धेरै पटक तनावलाई अर्थ दिने भाषा हो । यो भिन्नता बुझ्नु आवश्यक छ ।

कुनै समाजमा आर्थिक असन्तोष हुन सक्छ । रोजगारीको अभाव हुन सक्छ । स्थानीय शक्ति सन्तुलन बदलिएको हुन सक्छ । राजनीतिक प्रतिनिधित्वलाई लिएर असन्तुष्टि हुन सक्छ । राज्यको उपस्थितिलाई कुनै समुदायले निष्पक्ष नठानेको हुन सक्छ । यी सबै असन्तोष लामो समयसम्म अलग-अलग रूपमा रहन सक्छन् । तर, जब तिनलाई धार्मिक पहिचानसँग जोडिन्छ तब सामान्य असन्तोष सामुदायिक संकटमा बदलिन सक्छ । त्यसपछि मानिसले प्रश्न गर्न छोड्छ, 'समस्या के हो ?' उसले सोध्न थाल्छ, 'समस्या उत्पन्न गर्ने को हो ?' यो परिवर्तन सानो देखिए पनि खतरनाक हुन्छ । पहिलो प्रश्नले नीति, शासन र संस्थालाई जिम्मेवार बनाउँछ । दोस्रो पक्षले कुनै समुदायलाई दोषी बनाउने बाटो खोल्छ । कप्तानगन्जको घटनाले मधेशको बहुल समाजलाई यही कठिन प्रश्नको अगाडि उभ्याएको छ । के हामीले आफ्ना सामाजिक समस्यालाई नागरिक समस्याका रूपमा समाधान गर्न सकिरहेका छौं ? वा तिनलाई धार्मिक पहिचानको चस्माबाट हेर्न थालेका छौं ?

मधेशको सामाजिक जीवनको वास्तविकता बहुलता हो । यहाँ धर्महरू मात्रै होइनन्- भाषाहरू छन्, जातिहरू छन्, स्थानीय इतिहासहरू छन्, गाउँ र बजारका फरक अनुभव छन्, एउटा समुदायभित्र पनि वर्गीय विभाजन छ । एउटै धार्मिक पहिचान भएका मानिसको आर्थिक र सामाजिक जीवन समान छैन । तर, तनावका समयमा यी जटिलता हराउन थाल्छन् । समाजलाई दुई सरल समूहमा बाँड्ने कोसिस चल्छ- 'हामी' र 'उनीहरू' । यो विभाजन राजनीतिक रूपमा सजिलो हुन्छ । जटिल समाजलाई सरल कथामा बदल्न सकिन्छ । आफ्ना समर्थकलाई एउटै भावनामा बाँध्न सकिन्छ । एउटा पक्षको पीडालाई सामूहिक अपमानका रूपमा प्रस्तुत गर्न सकिन्छ । अर्को पक्षको डरलाई अस्तित्वको संकटका रूपमा चित्रित गर्न सकिन्छ ।

तर, सरल राजनीतिक कथा प्रायः जटिल सामाजिक सत्यको शत्रु हुन्छ । कप्तानगन्जका धेरै मानिस धार्मिक द्वन्द्व चाहँदैनन् । उनीहरूलाई आफ्नो पसल खुलोस्, व्यापार चलोस्, बालबालिका विद्यालय जाऊन् र साँझ घर फर्किंदा बाटो सुरक्षित होस् भन्ने चाहना छ । उनीहरूलाई अर्को समुदायको हारभन्दा आफ्नै जीवनको स्थिरता आवश्यक छ । तर, शान्ति चाहने बहुसंख्यक मानिसको एउटा समस्या हुन्छ । उनीहरू धेरै आवाज निकाल्दैनन् । तनाव चाहने सानो समूह चर्को बोल्छ । राजनीतिक रूपमा सक्रिय समूह संगठित हुन्छ । सामाजिक सञ्जालमा उत्तेजक भाषा छिटो फैलिन्छ । र, सामान्य मानिसको शान्त जीवनको चाहना समाचार बन्दैन । यसरी अल्पसंख्यक उच्छृंखलताको आवाज बहुसंख्यक शान्तिको इच्छाभन्दा ठूलो सुनिन थाल्छ । यो धार्मिक तनावको एउटा महत्वपूर्ण समाजशास्त्रीय पक्ष हो । हिंसा गर्ने मानिसको संख्या सधैं धेरै हुनुपर्दैन । समाजलाई अस्थिर बनाउन थोरै मानिस, धेरै अफवाह र कमजोर राज्य पर्याप्त हुन सक्छ ।

तर प्रश्न उठ्छ- राज्य कहाँ थियो ? धार्मिक तनावलाई केवल दुई समुदायबीचको समस्या मान्नु राज्यको भूमिकालाई अदृश्य बनाउनु हो । कुनै पनि बहुल समाजमा राज्यको पहिलो दायित्व केवल हिंसा भएपछि सुरक्षाकर्मी परिचालन गर्नु होइन । राज्यले पहिले नै यस्तो संस्थागत वातावरण बनाउनुपर्छ, जहाँ नागरिकले आफ्नो सुरक्षा र न्यायका लागि भीड वा सामुदायिक संगठनमा निर्भर हुनु नपरोस् । जब कानुनले सहज रूपमा काम गर्दैन, मानिसले वैकल्पिक सुरक्षाको खोजी गर्छ । जब न्याय ढिलो हुन्छ, अफवाहले न्यायको ठाउँ लिन्छ । जब प्रशासन निष्पक्ष देखिँदैन, प्रत्येक समुदायले राज्यलाई अर्को समुदायको पक्षधर ठान्न थाल्छ । र, जब राज्यको भाषा अस्पष्ट हुन्छ, राजनीतिक समूहहरूले आफ्नो सुविधा अनुसार घटनाको अर्थ निर्माण गर्छन् । त्यसपछि असुरक्षा एउटा अनुभव मात्रै रहँदैन, राजनीतिक स्रोत बन्छ ।

असुरक्षालाई संगठित गर्न सकिन्छ । आशंकालाई मतमा बदल्न सकिन्छ । पीडालाई राजनीतिक परिचयमा बदल्न सकिन्छ । र, डरलाई स्थायी समर्थनमा बदल्न सकिन्छ । धार्मिक तनावको राजनीति यहींबाट सुरू हुन्छ । राजनीतिक दल वा समूहले प्रत्यक्ष रूपमा हिंसा गराउनैपर्छ भन्ने छैन । कहिलेकाहीं उनीहरूले केवल यस्तो वातावरण बनाइदिन्छन्, जहाँ आफ्ना समर्थकले आफूलाई असुरक्षित ठानून र अर्को समुदायप्रति शंका गरून् । कहिलेकाहीं मौनता पनि राजनीतिक भाषा हुन्छ । हिंसाप्रति अस्पष्ट प्रतिक्रिया, चयनात्मक सहानुभूति वा पीडितको पहिचान अनुसार फरक व्यवहारले राज्यको निष्पक्षतामाथि प्रश्न उठाउँछ । राजनीतिले घाउ निको पार्न पनि सक्छ, घाउलाई निरन्तर कोट्याउन पनि सक्छ ।

कप्तानगन्जको अहिलेको चुनौती यही हो- यसको पीडालाई न्याय र संवादतर्फ लैजाने वा दीर्घकालिक ध्रुवीकरणको राजनीतिक सामग्री बनाउने ? धार्मिक तनावमा एउटा अर्को समस्या पनि हुन्छ- हिंसा गर्ने व्यक्तिको अपराधलाई सम्पूर्ण समुदायको चरित्रसँग जोडिन्छ । यो न्यायको विरूद्धमा छ । कानुनले व्यक्तिलाई उसको कार्यका आधारमा हेर्नुपर्छ, धर्मका आधारमा होइन । हिंसामा संलग्न व्यक्ति जुनसुकै धर्म-जाति वा समुदायको होस्, उसले गरेको कार्यका आधारमा अनुसन्धान र कारबाही हुनुपर्छ । यदि अपराधीलाई समुदायको प्रतिनिधि बनाइयो भने दुईवटा अन्याय हुन्छन् । पहिलो, अपराध गर्ने व्यक्ति समुदायको भीडमा लुक्न सक्छ । दोस्रो, निर्दोष समुदाय सामूहिक शंकाको भार बोक्न बाध्य हुन्छ । त्यसपछि न्याय कमजोर हुन्छ र सामूहिक दण्डको मानसिकता बलियो हुन्छ ।

धर्मका नाममा कानुन हातमा लिनु धर्मको रक्षा होइन । धर्मका नाममा हिंसा फैलाउनु आस्थाको विस्तार होइन । धर्मका नाममा छिमेकीलाई डराउनु धार्मिक शक्ति होइन । धर्मको सार यदि संयम, करूणा, सहअस्तित्व र नैतिक अनुशासन हो भने अराजकता र उच्छृंखलतालाई धार्मिक कार्यका रूपमा स्वीकार गर्न सकिँदैन । धर्मको सबैभन्दा ठूलो परीक्षा सायद त्यहीबेला हुन्छ जब मानिससँग शक्ति हुन्छ । शक्तिशाली हुँदा पनि संयमित रहनु धर्म हो । आक्रोशित हुँदा पनि निर्दोषलाई नछुनु धर्म हो । आफ्नो आस्थाप्रति दृढ रहँदा पनि अर्को आस्थाको सम्मान गर्नु धर्म हो ।

धार्मिक तनाव प्रायः धर्मबाट सुरू हुँदैन । त्यो असुरक्षा, सामाजिक दूरी, राजनीतिक प्रतिस्पर्धा, अफवाह, संस्थागत कमजोरी र राज्यप्रतिको अविश्वासको जमिनमा उम्रिन्छ । राजनीतिक स्वार्थका लागि धर्म एउटा शक्तिशाली माध्यम बन्न सक्छ । तर, धर्म तनावको कारण मात्रै होइन- तनावलाई अर्थ दिने भाषा हो । तर, जब धर्म केवल भीडको परिचय बन्छ तब नैतिकता कमजोर हुन्छ । मानिसले आफ्नो व्यक्तिगत जिम्मेवारी भीडलाई सुम्पिन्छ । भीडभित्र अपराध गर्न सजिलो हुन्छ । किनकि त्यहाँ 'मैले' भन्ने शब्द हराउँछ र 'हामीले' भन्ने अस्पष्टता आउँछ । भीडको मानिसले कहिलेकाहीं त्यो काम गर्छ, जुन उसले एक्लै हुँदा गर्न सक्दैनथ्यो । त्यसैले धार्मिक तनावको नियन्त्रण केवल सुरक्षा व्यवस्थाको प्रश्न होइन- नागरिक चेतनाको प्रश्न पनि हो । तर, यहाँ एउटा सावधानी आवश्यक छ- नागरिक समाजलाई मात्रै शान्तिको जिम्मेवारी दिएर राज्यलाई मुक्त गर्न सकिँदैन ।

संवाद आवश्यक छ, तर संवाद न्यायको विकल्प होइन । सर्वदलीय-सर्वधार्मिक बैठक आवश्यक छ, तर बैठकले अपराधको अनुसन्धानलाई प्रतिस्थापन गर्न सक्दैन । सद्भावको अपिल आवश्यक छ, तर अपिलले पीडितको क्षतिपूर्ति गर्दैन । शान्तिका लागि तीनवटा विषय एकसाथ चाहिन्छ- निष्पक्ष अनुसन्धान, विश्वसनीय संवाद र सामाजिक पुनःसम्बन्ध । यीमध्ये एउटा मात्रै भयो भने शान्ति अधुरो रहन्छ । कप्तानगन्जमा सुरक्षाकर्मीको मुस्तैदी आवश्यक हुन सक्छ । राज्यले नागरिकको ज्यान र सम्पत्तिको सुरक्षा गर्नुपर्छ । हिंसा रोक्नुपर्छ । अपराधीलाई कानुनी दायरामा ल्याउनुपर्छ ।

तर, सुरक्षाकर्मीको उपस्थितिले मात्रै समाजको सम्बन्ध पुनर्निर्माण हुँदैन । बन्दुकले भीडलाई रोक्न सक्छ, तर शंकालाई रोक्न सक्दैन । कर्फ्युले सडक खाली गर्न सक्छ, तर मानिसको मनभित्र बसेको डर खाली गर्न सक्दैन । सुरक्षाको प्रदर्शनले तत्कालीन नियन्त्रण दिन सक्छ । तर, दीर्घकालिक शान्ति दिन संवाद, न्याय र भरोसा चाहिन्छ ।

कप्तानगन्जलाई सुरक्षा र संवादमध्ये कुनै एक होइन- तत्काल हिंसा रोक्न प्रभावकारी सुरक्षा र दीर्घकालिक भरोसा पुनर्निर्माण गर्न संवाद, दुवै चाहिन्छ । यस्तो बेला दुवै समुदायका सामान्य नागरिकले आफ्ना डर, पीडा र अनुभव साझा गर्नुपर्छ । केही जिम्मेवार सञ्चारमाध्यमले पनि दुवै पक्षका पीडितको आवाजलाई समान मानवीय संवेदनासाथ सार्वजनिक गर्दै संवाद र सामाजिक सद्भावका लागि सकारात्मक भूमिका खेलिरहेका छन् ।


शान्ति कुनै एउटा संस्थाले दिने वस्तु होइन । शान्ति र सद्भाव समाजले मिलेर बनाउने सम्बन्ध हो । कप्तानगन्जले अहिले आफ्नो छिमेकी खोज्दै छ । उसको हराएको छिमेकी कुनै अर्को ठाउँमा गएको छैन । ऊ उही घरमा छ । तर, उसको परिचय बदलिएको छ । पहिले ऊ छिमेकी थियो । अहिले ऊ कुनै समुदायको सदस्यका रूपमा देखिन थालेको छ । कप्तानगन्जको सबैभन्दा ठूलो चुनौती यही परिचयलाई फेरि उल्ट्याउनु हो ।

पहिले मानिसलाई 'मानिस' देख्नुपर्छ । त्यसपछि उसको धर्म, जाति, भाषा वा समुदाय देख्न सकिन्छ । लोकतन्त्रको अर्थ यही क्रमलाई सुरक्षित राख्नु हो । धार्मिक स्वतन्त्रता संविधानबाट प्रत्याभूत अधिकार हो । तर, धार्मिक पहिचानका आधारमा अरू नागरिकलाई डराउने अधिकार कसैलाई छैन । बहुल समाजमा आफ्नो आस्थाको सम्मान माग्नु स्वाभाविक हो । तर, अर्को आस्थाको असुरक्षालाई आफ्नो शक्ति ठान्नु लोकतान्त्रिक होइन ।

लोकतन्त्रलाई धार्मिक द्वन्द्वले मात्रै कमजोर बनाउँदैन । यसले नागरिकलाई समान अधिकार भएका व्यक्तिबाट प्रतिस्पर्धी समुदायका सदस्यमा बदलिदिन्छ । त्यसपछि चुनाव पनि नागरिक मुद्दामा होइन, सामुदायिक डरमा लडिन थाल्छ । विकासका प्रश्न ओझेल पर्छन् । राजनीतिको केन्द्रमा केवल पहिचान र असुरक्षा रहन्छ । यसरी धार्मिक ध्रुवीकरणले लोकतन्त्रको सार्वजनिक विवेकलाई क्षति पुऱ्याउँछ । कप्तानगन्जको आगो यस अर्थमा केवल स्थानीय घटना होइन- मधेशको बहुल समाजले सामना गरिरहेको एउटा चेतावनी हो ।

कप्तानगन्जले अब केवल दोषी खोज्नु छैन । उसले आफ्नो छिमेकी खोज्नु छ । तर, छिमेकी खोज्नुको अर्थ अपराध बिर्सनु होइन । छिमेकी खोज्नुको अर्थ न्यायलाई छोड्नु होइन । छिमेकी खोज्नुको अर्थ सबै कुरा सामान्य भयो भनेर घोषणा गर्नु पनि होइन । यसको अर्थ हो- अपराधीलाई कानुनको कठघरामा उभ्याउँदै निर्दोषलाई सामूहिक शंकाबाट बचाउनु । पीडितको घाउलाई स्वीकार गर्दै बदला होइन, न्यायको बाटो रोज्नु । सुरक्षालाई प्रभावकारी बनाउँदै संवादको ढोका खोल्नु । धर्मको सम्मान गर्दै धर्मका नाममा हुने अराजकतालाई अस्वीकार गर्नु । कप्तानगन्जको आगो निभ्छ, तर समाजको पुनर्निर्माण त्यति सजिलो हुँदैन ।

समाज तब बन्छ, जब मानिसले आफ्नो डरभन्दा ठूलो कुनै साझा भविष्य देख्छ । कप्तानगन्जले अहिले त्यही भविष्य खोजिरहेको छ । उसले आफ्नो छिमेकी खोज्दै छ । र, सायद उसको छिमेकी पनि उसैलाई खोजिरहेको छ । - *कान्तिपुर*



कप्तानगन्जले अब केवल दोषी खोज्नु छैन । उसले आफ्नो छिमेकी खोज्नु छ । तर, छिमेकी खोज्नुको अर्थ अपराध बिर्सनु होइन । छिमेकी खोज्नुको अर्थ न्यायलाई छोड्नु होइन । छिमेकी खोज्नुको अर्थ सबै कुरा सामान्य भयो भनेर घोषणा गर्नु पनि होइन । यसको अर्थ हो- अपराधीलाई कानुनको कठघरामा उभ्याउँदै निर्दोषलाई सामूहिक शंकाबाट बचाउनु । पीडितको घाउलाई स्वीकार गर्दै बदला होइन, न्यायको बाटो रोज्नु । सुरक्षालाई प्रभावकारी बनाउँदै संवादको ढोका खोल्नु । धर्मको सम्मान गर्दै धर्मका नाममा हुने अराजकतालाई अस्वीकार गर्नु । कप्तानगन्जको आगो निभ्छ, तर समाजको पुनर्निर्माण त्यति सजिलो हुँदैन ।

Abhiyan weekly_2083_Sawan_22.indd 5 8/6/2026 3:35:53 PM

# इन्टरनेट सेवाप्रदायकबाट पौने २ अर्ब बक्यौता उठाउन सरकारको ताकेता

काठमाडौं । सरकारले इन्टरनेट सेवाप्रदायक (आइस्पान) कम्पनीहरूबाट पौने २ अर्ब रूपैयाँ बक्यौता उठाउन ताकेता गरेको छ । एक दशकदेखि विभिन्न शीर्षक दस्तुर नबुझाएका दुई दर्जनभन्दा बढी कम्पनीबाट बक्यौता असुल गर्न सरकारले ताकेता गरेको हो ।

अहिले अधिकांश इन्टरनेट सेवाप्रदायकहरूले आन्तरिक राजस्व कार्यालयलाई तिर्नुपर्ने करबाहेक सूचना तथा सञ्चार मन्त्रालयलाई बुझाउनुपर्ने कुल आम्दानीको चार प्रतिशत रोयल्टी तथा नेपाल दूरसञ्चार प्राधिकरणमार्फत ग्रामीण दूरसञ्चार विकास कोषमा बुझाउनुपर्ने कुल आम्दानीको दुई प्रतिशत रकमसमेत तिर्न बाँकी छ । हालसम्म यस्तो बक्यौता १ अर्ब ७० करोड रूपैयाँहाराहारी पुगिसकेको प्राधिकरणका एक अधिकारीले जानकारी दिए । प्राधिकरणले पटक-पटक ताकेता गर्दासमेत बक्यौता नबुझाएपछि सूचना तथा सञ्चार मन्त्रालयले सेवाप्रदायकलाई बुधबार मन्त्रालयमै बोलाएर बक्यौता रकम तिर्न दबाब दिएको हो ।

सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनाले इन्टरनेट सेवाप्रदायक संघ नेपाल (आइस्पान)का पदाधिकारीसँग छलफल गर्दै कानुनअनुसार तिर्नुपर्ने कर तथा शुल्क कुनै पनि हालतमा असुल गरिने स्पष्ट पारे । 'यदि विद्यमान कानुनविपरीत इन्टरनेट सेवाप्रदायकलाई अन्याय हुने गरी कर वा शुल्क निर्धारण भएको रहेछ भने सरकारले त्यसको पुनरवलोकन गर्न सक्छ,' उनले भने, 'तर, कानुनले तिर्नुपर्ने भनेको रकम सधैँ अल्झाएर राख्न सकिँदैन । जायज समस्या भए सरकारले सम्बोधन गर्छ, होइन भने बक्यौता असुली प्रक्रिया अघि बढ्छ ।'

गत २१ मंसिरमा प्राधिकरणले सूचना प्रकाशन गर्दै रोयल्टी तथा ग्रामिण दूरसञ्चार विकास कोषको बक्यौता रकम भुक्तानी नगरे अनुमतिपत्र रद्द गर्ने भन्दै २० कम्पनीलाई चेतावनी दियो । गत ५ जेठमा अर्को सूचना प्रकाशन गर्दै प्राधिकरणले उनीहरूलाई १५ दिनको मौका दियो । तर, अझै भुक्तानी भएको छैन । प्राधिकरणको सूचनाअनुसार ०७३/७४ देखिको बक्यौता रहेको छ ।

आइएसपी कम्पनीहरूले बक्यौता भुक्तानीका लागि किस्ताबन्दीको सुविधा दिन आग्रह गरेका छन् । अहिले आर्थिक रूपमा गम्भीर दबाबमा रहेको र एकैपटक वर्षौंको बक्यौता तिर्न सम्भव नभएको भन्दै इन्टरनेट सेवाप्रदायकले किस्ताबन्दीको सुविधा दिन आग्रह गरेका हुन् । सञ्चारमन्त्री डा. तिमिल्सिनाले इन्टरनेट सेवाप्रदायकलाई मर्जरमा जान सुझाव दिएका छन् । नेपालमा इन्टरनेट तथा दूरसञ्चार सेवाप्रदायक कम्पनीको संख्या धेरै भएकाले प्रभावकारी नियमन तथा अनुगमनमा चुनौती देखिएको उल्लेख गर्दै उनले ती संस्थाहरु गाभ्ने (मर्जर) तथा प्राप्ति (एक्विजिसन)मा जान सकिने बताए ।

महालेखापरीक्षकको ६३औँ वार्षिक प्रतिवेदन, २०८३ मा  आव ०८०/८१ मा इन्टरनेट सेवाप्रदायकले विभिन्न शीर्षकको एक अर्ब २५ करोड रूपैयाँ बक्यौता बाँकी रहेको भन्दै असुल उपर गर्ने पर्ने औँल्याइएको छ । ग्रामीण दूरसञ्चार दस्तुर तथा ब्यान्डविथ शुल्क नेपाल दूरसञ्चार प्राधिकरण (ग्रामीण दूरसञ्चार विकास कोष) विनियमावलीअनुसार आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र दूरसञ्चार सेवाबाट प्राप्त गरेको वार्षिक आयको दुई प्रतिशतका दरले हुने रकम ग्रामीण दूरसञ्चार कोषमा जम्मा गर्नुपर्ने र दस्तुर जम्मा नगरेमा प्रत्येक महिना दुई प्रतिशतका दरले जरिवाना असुल गर्नुपर्ने व्यवस्था छ । 'नेपाल दूरसञ्चार प्राधिकरणबाट अनुमतिप्राप्त २६१ सेवा प्रदायकमध्ये १३ सेवा प्रदायकले ०८०/८१ को दस्तुरयोग्य वार्षिक आय आठ अर्ब १० करोड ९५ लाखको दुई प्रतिशतले हुने शुल्क १६ करोड २१ लाख र सोको जरिवाना यकिन गरी कोषमा दाखिला गरेका छैनन्,' महालेखाको प्रतिवेदनमा उल्लेख छ ।




'सञ्चार मन्त्रालयबाट प्राप्त विवरणअनुसार विभिन्न ४५ दूरसञ्चार सेवाप्रदायकले पेस गरेको ०८०/८१ को वित्तीय विवरणअनुसार कुल आय ८ अर्ब ८४ करोड २१ लाखको ४ प्रतिशतले बुझाउनुपर्ने रोयल्टी ३५ करोड ३६ लाख ८४ हजार र जरिवाना दाखिला नगरेको हुँदा सो रकम असुल गर्नुपर्दछ,' महालेखाको प्रतिवेदनमा उल्लेख छ । त्यस्तै, दूरसञ्चार नियमावलीअनुसार रेडियो फ्रिक्वेन्सी दस्तुर प्रत्येक वर्ष समाप्त भएको ६ महिनाभित्र भुक्तानी गर्नुपर्नेमा यस वर्ष एक सेवाप्रदायकले बुझाउनुपर्ने फ्रिक्वेन्सी तथा भिस्याट दस्तुरबापत ७३ करोड ४४ लाख दाखिला गर्न बाँकी देखिएकाले थप दस्तुरसमेत यकिन गरी असुल गर्नुपर्ने महालेखाले औँल्याएको छ ।

# सामान्यभन्दा ५० प्रतिशत बढी ग्यास आयात, तर  अभाव कायमै ?

काठमाडौं । सामान्य अवस्थामा देशभर दैनिक औसतमा एक लाख आठ हजार थान ग्यास सिलिन्डर खपत हुने आयल निगमको तथ्यांक छ । तर, पछिल्लो १० दिनयता दैनिक एक लाख ५६ हजार ४ सय थान ग्यास सिलिन्डर वितरण गर्न पुग्ने ग्यास आयात भइरहँदा पनि बजारमा अभाव कायम छ ।

निगमको एलपिजी तथा एभिएसन विभाग प्रमुखसमेत रहेका निर्देशक विनितमणि उपाध्यायले साउन लागेयता आयात बढाएको र १० दिनयता त उच्चतम विन्दुमा भइरहेको जानकारी दिए । 'दैनिक एक लाख आठ हजार ग्यास सिलन्डरको बजार हो, तर डेढ लाख सिलिन्डरमा भर्न पुग्ने ग्यास दैनिक आयात भइरहेको छ,' उनले भने, 'तैपनि, आपूर्ति सहज हुन नसकेको हामी नै अचम्मित भएका छौँ । हाम्रो निष्कर्ष भनेको उपभोक्ताले घरमा रहेका सबै खाली सिलिन्डर अहिले साट्नका लागि बजारमा ल्याइरहनु भएको छ भन्ने नै हो ।'

निगमको तथ्यांकअनुसार ११ साउनमा १ सय ६ बुलेट ग्यास आयात भएको छ । एउटा बुलेटमा करिब १८ टन ग्यास हुन्छ । यति ग्यासले औसतमा १२ सय ५० थान सिलिन्डरमा १४.२ किलो ग्यास भर्न पुग्छ । निगमका निर्देशक उपाध्यायले तुलनात्मक रूपमा बढी परिमाणको ग्यास निरन्तर आयात भइरहेको र आगामी दिनमा पनि अहिलेकै परिमाणअनुसार आयात हुने जानकारी दिए । निगमले २ ९ माघदेखि ३० असारसम्म चार महिना ७.१ किलोग्राम तौलको ग्यास सिलिन्डर मात्रै बजारमा पठाउन निर्देशन दिएको थियो । त्यतिवेला पनि आयात परिमाणले धान्न नसकेपछि आधा सिलिन्डर पठाएपछि सहज भएको थियो । तर,  मध्यपूर्वको युद्ध मत्थर भएपछि निगमले ३१ असारबाट पूर्ण तौलको ग्यास ल्याउन निर्देशन दिएको थियो । त्यसयता ग्यास खरिद गर्ने उपभोक्ताको संख्या बढेर डिलरदेखि उद्योगसम्म लाइन बाक्लिएको छ ।

काठमाडौं उपत्यकामा आपूर्ति सहजताका लागि निगमले टेकुस्थित पुरानो कार्यालयमा नेपाल, एचपी, श्रीराम, एभरेष्ट र सुगम ब्रान्डको ग्यास सिलिन्डर उपलब्ध हुने व्यवस्था मिलाएको छ । त्यस्तै, देशभरका ५९ वटै उद्योगपरिसरमा उपभोक्ता पुगेको खण्डमा ग्यास दिनसमेत निर्देशन दिएको छ । तर पनि, सातादेखि ग्यास आपूर्ति सहज हुनुको सट्टा असहजता झन् बढेको छ । ग्यास उद्योग संघका अध्यक्ष दिवान चन्दले पनि आयातमा कुनै समस्या नभएको बताए ।

उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव नारायणप्रसाद शर्मा दुवाडीले मंगलबार उद्योग र वाणिज्य तथा श्रम र उपभोक्ताहित समितिको बैठकमा आठ जिल्लामा ग्यासको हाहाकार भएको जानकारी दिएका छन् । सचिव दुवाडीका अनुसार काठमाडौं, भक्तपुर, मकवानपुर, सुनसरी, सुर्खेत, पर्सा, प्युठान र डोटीमा ग्यासको आपूर्ति सबैभन्दा जटिल छ । यी जिल्लाका उपभोक्ताले ग्यास डिलर र उद्योगमा घण्टौँ लाइन लाग्नुपरे पनि ग्यास नपाएको स्थिति रहेको मन्त्रालयको धारणा छ । त्यस्तै, थप २६ जिल्लामा पनि उच्च माग रहेको र आपूर्ति सहज गर्न प्रयास रहेको उनले जानकारी दिए । ४४ जिल्लामा भने ग्यासको अभाव नरहेको सरकारी रिपोर्ट छ ।

दैनिक आयात भएको ग्यास परिमाणको जानकारी प्रवाह गर्न, उद्योगले वितरण गरेको ग्यासको परिमाण उपलब्ध गराउन र उपभोक्ताको गुनासो सुन्न निगमको केन्द्रीय कार्यालयमा 'क्विक रेस्पोन्स टिम' गठन भएको छ । उक्त टिममा उद्योग मन्त्रालयका तर्फबाट मंगल विष्ट, आयल निगमबाट इन्दु शर्मा र उपेन्द्र सुवेदी, ग्यास उद्योगबाट आयुष नेपाल र कुलप्रसाद राई सदस्य रहेका छन् ।

देशका जुनसुकै स्थानमा एलपिजी ग्यासको अभाव वा वितरणसम्बन्धी समस्या देखिए तत्काल समन्वय गरी समाधान गर्नु टिमको जिम्मेवारी रहेको निगमले जनाएको छ । ग्यास नपाएका उपभोक्ताले निगमले उपलब्ध गराएको हटलाइन नम्बर ०१-५९७१९०२ मा फोन गरेर जानकारी गराउन सक्ने व्यवस्था राखिएको छ । उपभोक्ता अधिकारकर्मी प्रेमलाल महर्जनले आपूर्ति असहज भएका वेला उपभोक्तालाई दोष देखाएर उम्कन नहुने बताए ।

खेलकुद

# नेपाली फुटबल बचाउन खेलाडीको सामूहिक आग्रह

गत महिना अमेरिकामा फिफा विश्वकप फुटबल प्रतियोगिता चलिरहँदा नेपाल अनिश्चितकालका लागि निलम्बनमा पऱ्यो । फिफाको निलम्बनमा परेको दुई महिनासम्म सम्बन्धित निकायदेखि खेलाडीसम्म चुप लागेर बसेका थिए । गत शनिबार १५औँ संस्करणको दक्षिण एसियाली फुटबल च्याम्पियनसिप (साफ)को 'ड्र' मा नेपाल समावेश भएन । दक्षिण एसियाली फुटबल महासंघले निलम्बन फुकुवा हुँदा नेपाललाई प्रतियोगितामा सहभागी गराइने जनाएको छ । योसँगै अहिले निलम्बनको सम्बन्धमा धमाधम आ-आफ्नो प्रतिक्रिया सोसल मिडियाबाट सार्वजनिक भइरहेको छ ।

निलम्बनमा फुकुवा हुनुपर्ने र सम्बन्धित निकाय गम्भीरतापूर्वक लाग्नुपर्ने भनी प्रत्येक दिनजसो सोसल मिडियामा आ-आफ्नो भनाइ सार्वजनिक भएको देखिन्छ । यसमा खेलाडी, पूर्वकप्तान र प्रशिक्षकहरूले समस्या समाधान निमित्त सम्बद्ध निकायलाई सामाजिक सञ्जालमार्फत गुहारेका हुन् । यो अभियान गत आइतबार सुरू भएको थियो । यसमा मनीष डाँगीले पहिलो कमेन्ट्स राखेका थिए । त्यसलगत्तै कप्तान किरणकुमार लिम्बूले पनि फिफाको निलम्बन हटाउन आग्रह गरेका थिए । लिम्बूले यसअघि एन्फाको कुनै पनि निर्णय वा अन्य गतिविधिबारे प्रतिक्रिया दिने गरेका थिएनन् । तर, डाँगीको भनाइ सार्वजनिक भएपछि उनले अभिव्यक्ति दिएका हुन् ।

उनीपछि पूर्वकप्तान हरि खड्कासमेत प्रधानमन्त्रीलाई सम्बोधन गरी तत्काल प्रक्रिया अगाडि बढाउन आग्रह गरेका थिए । राष्ट्रिय खेलाडीदेखि पूर्वकप्तानबाट सुरू भएको लहर अहिले व्यापक बनेको छ । मंगलबार नेपाली फुटबलको भविष्य अन्योलमा परेको जनाउँदै नेपाल फुटबल खेलाडी संघ (एनएफपिए)ले राष्ट्रिय टोलीका खेलाडीको सामूहिक भिडियो सन्देश सार्वजनिक गरेको छ । भिडियो सन्देशमा फिफा, एएफसी, राष्ट्रिय खेलकुद परिषद् (राखेप) र नेपाल सरकारसँग नेपाली फुटबल जोगाउन तत्काल पहल गर्न अपिल गरिएको छ ।

सो भिडियो कन्टेन्टमा राष्ट्रिय टोलीका लगभग एक दर्जनभन्दा बढी खेलाडीले वर्तमान फुटबलको अवस्थाप्रति गम्भीर चिन्ता देखाएका छन् । कतारमा रिह्याब गरिरहेकी महिला टोलीकी कप्तान सावित्रा भण्डारीले घरेलु शीर्ष डिभिजन लिगको अभावमा खेलाडी प्रभावित भएको बताइन् । लगभग दुई मिनेट सात सेकेन्डको भिडियोमा राष्ट्रिय टोलीका सनिश श्रेष्ठले अन्तिममा आफ्नो प्रतिक्रिया दिएका थिए । उनले फुटबल खेल्न वातावरण बचाइराख्न जनाए ।

फिफाले गत ११ असारमा फिफाले तेस्रो पक्षको हस्तक्षेप गरेको भनी नेपाललाई निलम्बन गरेको थियो । फिफाको निलम्बनसँगै फुकुवा नभएसम्म नेपालले कुनै पनि अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्न पाउँदैन । समयमै निलम्बन फुकुवा नहुँदा नेपाली फुटबलरका लागि ठुलो अन्तर्राष्ट्रिय प्रतियोगिताका रूपमा रहेको साफ च्याम्पियनसिप खेलाडीले गुमाउनेछन् ।

दक्षिण एसियाली फुटबल महासंघले आगामी १४ असोजसम्म फिफाको निलम्बनबाट फुकुवा हुँदा नेपाल आयोजक बंगलादेश, श्रीलंका र भुटान रहेको समूह 'ए'मा रहनेछ । यो समयअगाडि फुकुवा नहुँदा इतिहासमै पहिलोपटक नेपाल साफ च्याम्पियनसिप खेल्नबाट वन्चित हुनेछ । भिडियोमा खेलाडीले फुटबलको वर्तमान संकट समाधानका लागि सम्बन्धित निकायले तत्काल समन्वय गर्नुपर्ने माग राखेका छन् ।

'अहिले नेपालको फुटबल ठुलो दुर्घटनातर्फ अग्रसर भइरहेको छ । खेलाडीको भविष्य सुनिश्चित गराउन फिफाको निलम्बन फुकुवा गर्न वातावरण बनाउन आग्रह छ,' खेलाडीहरूले भनेका छन्, 'आफूहरु क्लब र देशका लागि उच्चस्तरीय फुटबल खेल्दै नेपालको नाम उज्यालो बनाउनुपर्ने अवस्थामा थियौँ । आज हामी आफ्ना बेवास्ता गरिएका आवाज सुनाउन बाध्य भएका छौँ ।' अन्तर्राष्ट्रिय फुटलब प्रतियोगिता गुमाउने सम्भावना बढेपछि महिला टोलीकी सदस्य प्रीति राईले नेपाली फुटबल पूरै प्यारालाइज्ड भएको प्रतिक्रिया दिएकी छिन् । 'फिफाको निलम्बन लगभग दुई महिना हुन लागेको छ । नेपाली फुटबल पूर्ण रूपमा प्यारालाइज्ड भएको छ,' उनले भनिन् । यसैगरी, पुरूष टोलीका एट्याकिङ खेलाडी रोहित चन्दले फिफादेखि सरकारसम्म निलम्बन हटाउन आग्रह गरेका छन् । 'हामीले सिधै फिफा, एएफसी, राष्ट्रिय खेलकुद परिषद् र नेपाल सरकारलाई आग्रह गरेका छौँ,' चन्दले लेखेका छन् ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले एन्फाको निलम्बन फुकुवा गर्न फिफासँग संवाद भइरहेको बताएका छन् । मन्त्री पोखरेलले आफू मन्त्रीको हैसियतले फिफासँग इमेलमार्फत कुराकानी भइरहेको बताएका हुन् । मन्त्री पोखरेलले अब आउने एन्फाको नेतृत्वमा खेलाडी वा फुटबल बुझेको व्यक्ति हुनुपर्ने बताए ।

# एरिका र दीपेन्द्र वर्ष खेलाडी

कराँतेकी एरिका गुरूङ महिलातर्फ र टी-२० राष्ट्रिय क्रिकेट टोलीका कप्तान दीपेन्द्रसिंह ऐरी पुरूषतर्फ वर्षका उत्कृष्ट खेलाडी (२०८२/०८३) घोषित भएका छन् । हाम्रो खेलकुदडटकमको ११औँ वार्षिकोत्सवका अवसरमा मंगलबार एरिका र दीपेन्द्रलाई वर्ष खेलाडी घोषित भएका हुन् । दीपेन्द्रका तर्फबाट राष्ट्रिय महिला क्रिकेट टोलीकी कप्तान इन्दु बर्माले अवार्ड ग्रहण गरेकी थिइन् । उत्कृष्ट खेलाडीहरूले अवार्डसहित २५ हजार रूपैयाँ प्राप्त गरेका छन् । सन् २०२२ को सेप्टेम्बरमा पहिलोपटक अन्तर्राष्ट्रिय प्रतियोगितामा पाइला टेकेकी एरिकाले चार वर्षको छोटो अवधिमै नेपाली कराँतेमा असाधारण प्रदर्शन गरेकी छिन् ।

एरिकाले अहिलेसम्म १८ अन्तर्राष्ट्रिय प्रतियोगिताबाट २१ पदक जितेकी छिन् । उनले १३ स्वर्ण, ६ रजत र दुई कांस्य पदक जितेकी छिन् । वर्तमान समयमा एरिका नेपाली कराँतेकै सर्वाधिक सफल खेलाडी हुन् । उनले पहिलोपटक २०औँ सिनियर एकेएफ कराँते च्याम्पियनसिपमा ऐतिहासिक रजत पदक जितेकी थिइन् । यसैगरी, पहिलो सहभागीमै उनले तीन वर्षअघि चीनको हाङझाउमा भएको १९औँ एसियाली खेलकुदमा रजत पदक जितेकी थिइन् ।

गत वर्ष एरिकाले मलेसियामा भएको डब्लुकेएफ कराँते वान सिरिजमा स्वर्ण पदक जितिन् । त्यसपछि विश्व कराँते च्याम्पियनसिपका लागि छनोट हुँदै उनले अर्को ऐतिहासिक उपलब्धि हात पारिन् । उनले नेपाललाई टर्की र चीनमा भएको डब्लुकेएफ कराँते वान प्रिमियर लिगमा रजत पदक दिलाएकी थिइन् । उनी यो पदक जित्ने पहिलो नेपाली खेलाडी हुन् । एरिकाले २२औँ एकेएफ एसियन सिनियर कराँते च्याम्पियनसिपको कांस्य पदक र बंगलादेशमा सम्पन्न १०औँ एसएकेएफ दक्षिण एसियाली कराँते च्याम्पियनसिपका दुई स्वर्ण पदक हात पारेकी थिइन् ।

कर्पोरेट

## प्रभु महालक्ष्मी लाइफको ब्रान्च म्यानेजर कन्फ्रेन्स सम्पन्न

प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको ब्रान्च म्यानेजर कन्फ्रेन्स कार्यक्रम सम्पन्न भएको छ। चितवनमा साउन १४-१७ गतेसम्म विभिन्न कार्यक्रमहरूका साथ कन्फ्रेन्स भव्य रूपमा सम्पन्न भएको हो। आर्थिक वर्ष ०८२/८३ को समीक्षा, नयाँ आर्थिक वर्ष ०८३/८४ को रणनीति, आर्थिक वर्ष ०८२/८३ मा उत्कृष्ट कार्य गर्ने कर्मचारी, शाखा, शाखा प्रमुख, प्रदेश प्रमुखलाई सम्मान र पावर अफ माइन्डसेट फर बिजनेस ग्रोथको तालिमका साथ कार्यक्रम सम्पन्न भएको हो।

प्रभु महालक्ष्मी लाइफ इन्स्यारेन्सका प्रमुख कार्यकारी अधिकृत (सिइओ) सन्तोष प्रसाईंले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरेका थिए। कार्यक्रममा कम्पनीका व्यवस्थापन, प्रदेश प्रमुखहरू, शाखा प्रमुखहरू, सेल्स एक्जुकेटिभ गरी देशैभरिबाट करिब दुई सयजनाको उपस्थिति थियो। आर्थिक वर्ष ०८२/८३ मा उत्कृष्ट कार्य गर्ने प्रदेश प्रमुख, शाखा प्रमुख, सेल्स एक्जुकेटिभलगायतलाई विशेष सम्मान गरिएको थियो। कार्यक्रममा आचार्य राजाबाबु साहको पावर अफ माइन्डसेट फर बिजनेस ग्रोथ ट्रेनिङ सेसनले व्यावसायिक क्षमता वृद्धि गर्न ऊर्जा प्रदान गरेको कम्पनीले जनाएको छ।

## पुतलीसडकमा खुल्यो नबिल बैंकको एजुकेसन हब

नबिल बैंकले पुतलीसडकमा 'नबिल बैंक एजुकेसन हब' सञ्चालनमा ल्याएको छ । हबको उद्घाटन नेपालका लागि अस्ट्रेलियाका राजदूत साइमन अर्न्स्ट, बैंकका अध्यक्ष निर्वाणकुमार चौधरी र प्रमुख कार्यकारी अधिकृत (सिइओ) मनोजकुमार ज्ञवालीले संयुक्त रूपमा उद्घाटन गरे । उच्च शिक्षाका लागि विदेश अध्ययन गर्न जान चाहने विद्यार्थी, उनीहरूका अभिभावक, शैक्षिक परामर्शदातालगायतलाई लक्षित गरी एजुकेसन हब सञ्चालनमा ल्याइएको बैंकको भनाइ छ । उक्त हबबाट बैंकिङ, वित्तीय तथा परामर्श सेवा उपलब्ध हुने जनाइएको छ ।

बैंकका अध्यक्ष चौधरीले विद्यार्थीलाई आवश्यक वित्तीय पहुँच, मार्गदर्शन तथा बैंकिङ सहयोग उपलब्ध गराउने उद्देश्यले हब स्थापना गरिएको बताए । 'शिक्षामा गरिने लगानी एक व्यक्तिमा मात्रै नभई समग्र परिवार, समाज र राष्ट्रको भविष्य निर्माणका लागि हो,' उनले भने, 'मुलुकको शिक्षालाई थप सुदृढ बनाउनुका साथै भावी पुस्तालाई सशक्त बनाउने उद्देश्यले हबको स्थापना गरिएको हो ।' देशैभरका शाखामा कम्तीमा एजुकेसन हबको एउटा काउन्टरको व्यवस्था गरेर यस पहललाई विस्तार गरिने पनि अध्यक्ष चौधरीले प्रस्ट्याए ।

राजदूत अर्न्स्टले, एजुकेसन हबको सुरूवातले अस्ट्रेलिया-नेपालबिचको सम्बन्धको मूल मर्मभित्र रहेको शिक्षाको माध्यमबाट जनशक्तिमा लगानी गर्ने कार्यलाई प्रतिबिम्बित गरेको बताए । सिइओ ज्ञवालीले नेपालको बैंकिङ क्षेत्रमा यस प्रकारको सेवा पहिलोपटक उपलब्ध हुन लागेको बताए । 'यस हबले शिक्षा कर्जा, विदेशी मुद्रा सेवा, वित्तीय योजना तथा आवश्यक बैंकिङ मार्गदर्शनलाई एकीकृत रूपमा उपलब्ध गराउनेछ,' उनले भने ।

## माछापुच्छ्रे र सञ्चय कोषबिच विशेष बैंकिङ सुविधा उपलब्ध गराउने सम्झौता

माछापुच्छ्रे बैंक लिमिटेड र कर्मचारी सञ्चय कोषबिच कोषका कर्मचारीलाई विशेष बैंकिङ सुविधा उपलब्ध गराउने सम्झौतामा हस्ताक्षर भएको छ । सम्झौतामा बैंकका तर्फबाट वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृत प्रसिद्धराज अर्याल तथा कोषका कामु सहप्रशासक भरतराज वस्तीले हस्ताक्षर गरेका हुन् ।

सम्झौताअनुसार बैंकले कोषका कर्मचारीका लागि प्रिमियम सुविधासहितको तलब व्यवस्थापन खाता सञ्चालन गर्नेछ । यस सुविधामार्फत कोषका कर्मचारीले सहज, सुरक्षित र आधुनिक बैंकिङ सेवा प्राप्त गर्नेछन् । तलब व्यवस्थापन खातासँगै बैंकले ग्राहकको आवश्यकतालाई ध्यानमा राखी विभिन्न अतिरिक्त बैंकिङ सेवासमेत उपलब्ध गराउनेछ । जसअन्तर्गत बचत तथा निक्षेप सुविधा, डिजिटल बैंकिङ सेवा, कर्जा सुविधा, कार्ड सेवालगायतका बैंकिङ सुविधा समावेश रहनेछन् ।

यस सहकार्यले संस्थागत बैंकिङ सेवाको विस्तारसँगै कोषका कर्मचारीलाई थप उत्कृष्ट वित्तीय अनुभव प्रदान गर्ने अपेक्षा गरिएको छ । बैंकले विभिन्न सरकारी कार्यालयको तलब व्यवस्थापन खाता सञ्चालन गर्दै आएको जनाइएको छ ।

## सिद्धार्थ बैंकको खुद नाफा साढे तीन अर्ब नाघ्यो

सिद्धार्थ बैंक लिमिटेडले गत आर्थिक वर्ष ०८२/८३ को चौथो त्रैमाससम्म तीन अर्ब ५१ करोड ९४ लाख रूपैयाँ खुद नाफा आर्जन गरेको छ । यो अघिल्लो आर्थिक वर्षको तुलनामा ४.५४ प्रतिशतको वृद्धि हो । अघिल्लो आवमा बैंकले तीन अर्ब ३६ करोड ६५ लाख नाफा आर्जन गरेको थियो । बैंकको खुद ब्याज आम्दानी आठ अर्ब ४३ करोड रूपैयाँबाट बढेर नौ अर्ब पाँच करोड ११ लाख रूपैयाँ पुगेको छ । त्यस्तै, फी तथा कमिसन आम्दानी पनि एक अर्ब ५८ करोड बढेर एक अर्ब ८६ करोड ४६ लाख रूपैयाँ पुगेको छ । सञ्चालन नाफा चार अर्ब ९७ करोडबाट बढेर पाँच अर्ब १६ करोड कायम भएको बताइएको छ ।

समीक्षा अवधिमा बैंकको कुल वितरणयोग्य नाफा एक अर्ब ७० करोड ५६ लाख छ । बैंकको प्रतिसेयर वितरणयोग्य नाफा ११.५३ रूपैयाँ छ । यस्तै, निक्षेप दुई खर्ब ८० अर्ब ३२ करोड रूपैयाँबाट बढेर तीन खर्ब २७ अर्ब एक करोड रूपैयाँ पुगेको छ भने कर्जा प्रवाह दुई खर्ब १४ अर्ब ४५ करोड रूपैयाँबाट बढेर दुई खर्ब ३३ अर्ब ८७ करोड पुगेको छ ।

## कुमारी बैंकद्वारा १० लाख रुपैयाँ बिमा दाबी रकम हस्तान्तरण

कुमारी बैंक लिमिटेडले १० लाख रूपैयाँबराबरको बिमा दाबी रकम हस्तान्तरण गरेको छ । बैंकको गौमुल शाखाले परिवार सुरक्षा बचत खाताअन्तर्गत लाभग्राहीलाई सो रकम हस्तान्तरण गरेको हो ।

श्रीमती बनादेवी बोहराका श्रीमान्को दुर्घटनाबाट निधनपछि परिवार सुरक्षा बचत खातासँग सम्बन्धित बिमा दाबी प्रक्रिया पूरा भएपछि उक्त रकम हस्तान्तरण गरिएको बैंकले जनाएको छ । बैंकले ग्राहकको वित्तीय सुरक्षा तथा परिवारको आर्थिक संरक्षणलाई प्राथमिकतामा राख्दै विभिन्न बचत योजनाअन्तर्गत बिमा सुविधा उपलब्ध गराउँदै आएको जनाएको छ । परिवार सुरक्षा बचत खाताअन्तर्गतको बिमा सुविधाले अप्रत्याशित घटनाबाट प्रभावित परिवारलाई आर्थिक राहत प्रदान गर्नुका साथै भविष्यप्रतिको आर्थिक सुरक्षामा सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकसम्म वित्तीय सेवा र बिमा सुरक्षाको पहुँच विस्तार गर्ने उद्देश्यले सञ्चालन गरिएका यस्ता योजनाले आर्थिक समावेशीकरणलाई थप सुदृढ बनाउने र आवश्यक समयमा ग्राहक तथा उनीहरूको परिवारलाई वित्तीय सहयोग उपलब्ध गराउने विश्वास बैंकले व्यक्त गरेको छ ।

## एनसेलको मनसुन अफरमा २० प्रतिशतसम्म क्यासब्याक पाइने

ग्राहकलाई थप मूल्य, सहज डिजिटल अनुभव र जीवनशैलीसम्बन्धी सेवासँग जोड्ने उद्देश्यका साथ एनसेलले 'मनसुन अफर' सार्वजनिक गरेको छ । बुधबारदेखि सञ्चालनमा आएको अफरमा एनसेलका प्रिपेड ग्राहकले ५० वा सोभन्दा माथिका प्याक खरिद गर्दा पाँचदेखि २० प्रतिशतसम्म क्यासब्याक प्राप्त गर्न सक्नेछन् । नयाँ सिम अर्थात् स्टार्टर प्याक खरिद गर्ने ग्राहकले पनि क्यासब्याकको लाभ लिन सक्ने कम्पनीले जनाएको छ ।

कम्पनीका अनुसार, प्याक खरिद गरेपछि ग्राहकले तत्काल एसएमएसमार्फत क्यासब्याक भएको जानकारी प्राप्त गर्नेछन् भने क्यासब्याक एनसेल एपमा रहेको खातामा जम्मा हुनेछ । ग्राहकले २४ घण्टाभित्र 'क्लेम क्यासब्याक' विकल्पमार्फत उक्त रिवार्ड दाबी गर्नुपर्ने हुन्छ र प्राप्त क्यासब्याक एक साताभित्र प्रयोग गरिसक्नुपर्ने बताइएको छ । क्यासब्याकबाट ग्राहकले आफूलाई आवश्यक अन्य योग्य प्याक खरिद गर्न सक्ने, तर यो रकम नगदमा रूपान्तरण वा अन्य ग्राहकलाई ट्रान्सफर गर्न भने नमिल्ने कम्पनीले स्पष्ट पारेको छ ।

कम्पनीका अनुसार, ५० देखि ९९ सम्मको प्याकमा पाँच प्रतिशत, १०० देखि २०० सम्ममा १० प्रतिशत, २०१ देखि ४९९ सम्ममा १५ प्रतिशत र ५०० वा सोभन्दा माथिका प्याकमा २० प्रतिशतसम्म क्यासब्याक प्राप्त हुनेछ । त्यसैगरी, ९९ को स्टार्टर प्याक खरिद गर्ने ग्राहकले पाँच प्रतिशत क्यासब्याक पाउनेछन् ।

## रिलायबलले गर्‍यो ५० लाख दाबी भुक्तानी

रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेडले बिमाबापतको ५० लाख रूपैयाँ दाबी भुक्तानी गरेको छ । कम्पनीले पूर्ण अशक्तता सुविधाअन्तर्गत बिमित हरिप्रसाद काफ्लेलाई ५० लाख हस्तान्तरण गरेको हो । कम्पनीका अनुसार काफ्लेले ०७६ मा कम्पनीको काठमाडौं शाखामार्फत रिलायबल सुलभ जीवन बिमा योजनाअन्तर्गत २० वर्षे अवधिको एक करोडको जीवन बिमा गरेका थिए । उक्त बिमा योजनासँगै पूर्ण अशक्तता सुविधाअन्तर्गत ५० लाखबराबरको अतिरिक्त सुरक्षा सुविधा पनि लिएका थिए ।

बिमा गरेको केही समयमै काफ्लेलाई पार्किन्सन रोग देखिएको थियो । उनको अवस्था पूर्ण अशक्तता सुविधा प्राप्त गर्ने मापदण्डअनुरूप रहेको पुष्टि भएपछि कम्पनीले दाबी रकम भुक्तानी गरेको हो ।

उक्त दाबी भुक्तानीसँगै काफ्लेले ५० लाखबराबरको बिमा शुल्क छुट सुविधासमेत प्राप्त गरेको कम्पनीको भनाइ छ । कम्पनीले छिटो, पारदर्शी तथा विश्वासयोग्य दाबी भुक्तानी सेवामार्फत आफ्ना बिमितप्रतिको दायित्व निरन्तर पूरा गर्दै आएको बताइएको छ ।

## सातै प्रदेशमा सिटिजन्सले गर्‍यो शिक्षादेखि स्वास्थ्यसम्मका कार्यक्रम

सिटिजन्स बैंक इन्टरनेसनलले गत आर्थिक वर्ष ०८२/८३ मा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत विविध कार्यक्रम गरेको छ । यिनै कार्यक्रममार्फत दूरदराजको शिक्षा र स्वास्थ्य क्षेत्रमा योगदान पुगेको बैंकले जनाएको छ ।

बैंकका अनुसार गत आर्थिक वर्षमा वित्तीय समावेशीकरण र वित्तीय सचेतनालाई प्रवर्द्धन गर्ने उद्देश्यले बैंकले सातै प्रदेशमा रहेका आफ्ना एक ४८ शाखामार्फत विभिन्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको थियो । जसमार्फत करिब १० हजार विद्यार्थी लाभान्वित भएका छन् । महिला, किसान, मजदुर, वैदेशिक रोजगारीमा जाने सम्भावित व्यक्ति तथा अन्य लक्षितवर्गलाई बचत, जिम्मेवार वित्तीय व्यवहार, डिजिटल बैंकिङ, साइबर सुरक्षा तथा समग्र वित्तीय व्यवस्थापनसम्बन्धी ज्ञान प्रदान गरिएको बैंकको दाबी छ ।

स्वास्थ्य क्षेत्रमा बैंकले बाराको विश्रामपुर गाउँपालिकामा निःशुल्क आँखा परीक्षण तथा मोतीविन्दु शल्यक्रिया शिविर सञ्चालन गरेको थियो । जसबाट आठ सय बिरामीको निःशुल्क आँखा परीक्षण भएको थियो । साथै, परीक्षणका क्रममा मोतीविन्दु पहिचान भएका करिब डेढ सय बिरामीको निःशुल्क शल्यक्रियाको व्यवस्थासमेत गरिएको बताइएको छ ।

त्यसैगरी, म्याग्दीस्थित भगवती स्वास्थ्य चौकीलाई अस्पताल बेड, बेबी वार्मर, औषधि ट्रली तथा स्वच्छ खानेपानी आपूर्तिका लागि आवश्यक एचडिपिई पाइप हस्तान्तरणसमेत गरिएको छ । त्यस्तै, शिक्षा क्षेत्रमा बैंकले कर्णाली प्रदेश, हुम्ला जिल्लाको अदानचुली गाउँपालिका- ३ स्थित श्री छत्रपाल आधारभूत विद्यालयका दुई सय पाँचजना विद्यार्थीलाई ट्र्याकसुट वितरण गरिएको छ । यस कार्यक्रमले दुर्गम क्षेत्रका विद्यार्थीको शैक्षिक वातावरण सुधार गर्न सहयोग पुर्‍याएको विश्वास बैंकले लिएको छ । बैंकले 'एक खाता, एक रूख' अभियानअन्तर्गत सातै प्रदेशमा १५ सय बिरूवा रोपिएको जनाएको छ ।

## खल्तीमार्फत डिम्याट नवीकरण गर्दा शतप्रतिशत क्यासब्याक

आइएमई खल्ती लिमिटेड (खल्ती)ले डिम्याट तथा मेरो सेयर खाता नवीकरण गर्दा शतप्रतिशत उपहार पाइने योजना सार्वजनिक गरेको छ । योजनाअन्तर्गत खल्तीमार्फत डिम्याट तथा मेरो सेयर नवीकरण गर्ने प्रत्येक १५ दिनमा एक सयजना प्रयोगकर्ताले आफूले तिरेको शुल्कबराबर क्यासब्याक प्राप्त गर्नेछन् । यो योजना साउन अन्त्यसम्म सञ्चालन हुने बताइएको छ ।

हाल डिम्याट खाताको वार्षिक नवीकरण शुल्क एक सय रूपैयाँ र मेरो सेयरको ५० रूपैयाँ रहेको छ । प्रयोगकर्तालाई समयमै नवीकरण गर्न प्रोत्साहन गर्ने उद्देश्यले खल्तीले यो योजना ल्याएको जनाएको छ । यस योजनाले प्रयोगकर्तालाई नवीकरणसँगै अतिरिक्त लाभ लिन सक्ने अवसर प्रदान गर्ने कम्पनीको भनाइ छ ।

## सांग्रिला डेभलपमेन्ट बैंकका ग्राहकलाई स्पामा छुट

सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेड र ट्रयांक्युलिटी स्पाबिच छुट सम्झौता भएको छ । सम्झौतापत्रमा बैंकका वरिष्ठ नायब महाप्रबन्धक अपूर्वप्रसाद जोशी र ट्रयांक्युलिटीका लर्निङ एन्ड डेभलपमेन्ट म्यानेजर निर्मला भोछिभोयाले हस्ताक्षर गरेका हुन् ।

यससँगै बैंकका ग्राहक र कर्मचारीले ट्रयांक्युलिटीका विभिन्न सेवामा छुट पाउनेछन् । बैंकका अनुसार कर्मचारीलाई स्पामा २५ प्रतिशत र ब्युटी सेवामा १५ प्रतिशत छुट हुनेछ । त्यस्तै, बैंकका ग्राहकलाई व्यक्तिगत स्पामा २० प्रतिशत र व्यक्तिगत ब्युटी सेवामा १५ प्रतिशत छुट उपलब्ध गराउने सम्झौतापत्रमा उल्लेख छ । यो सम्झौता ०८३ साउनदेखि दुई वर्षका लागि लागू हुनेछ । बैंकले देशभरका एक सय नौ शाखा कार्यालय र ३० वटा एटिएममार्फत सेवा प्रवाह गर्दै आएको छ ।

## सामसङ प्लाजाको १६औँ सोरुम सञ्चालनमा

हिम इलेक्ट्रोनिक्सद्वारा सञ्चालित सामसङ प्लाजाले काठमाडौंको कालीमाटीमा आफ्नो १६औँ सोरूम सञ्चालनमा ल्याएको छ । यससँगै सामसङ प्लाजाले आफ्नो खुद्रा बिक्री सञ्जाललाई थप विस्तार गर्दै यस क्षेत्रका ग्राहकलाई सक्कली सामसङ उत्पादन अझ नजिकबाट उपलब्ध गराउने कम्पनीले जनाएको छ । सोरूम उद्घाटन सामसङ नेपालका प्रबन्ध निर्देशक चाङ युके जङ र हिम इलेक्ट्रोनिक्सकी निर्देशक सीमा गोल्छाले संयुक्त रूपमा गरेका हुन् । सोरूममा सामसङका नवीनतम स्मार्टफोन, टेलिभिजन, घरायसी उपकरण तथा अन्य इलेक्ट्रोनिक उत्पादनहरूसहित सक्कली सामसङ उत्पादनहरूको विस्तृत शृंखला उपलब्ध हुने बताइएको छ । ग्राहकले विशेष उद्घाटन अफरका साथै आधुनिक किनमेल अनुभव तथा तालिमप्राप्त कर्मचारीबाट व्यावसायिक परामर्शसमेत प्राप्त गर्न सक्नेछन् । कालीमाटी सोरूम सञ्चालनमा आउनुले नवीन प्रविधि, गुणस्तरीय उत्पादन र भरपर्दो ग्राहक सेवालाई उपभोक्तामाझ अझ सहज रूपमा पुर्‍याउने सामसङ प्लाजाको प्रतिबद्धतालाई प्रतिबिम्बित गर्ने बताइएको छ ।

## इन्फिनिटी लघुवित्तको क्षमता अभिवृद्धि तथा समीक्षा कार्यक्रम सम्पन्न

इन्फिनिटी लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थागत सुशासन, प्रभावकारी जोखिम व्यवस्थापन तथा कर्मचारीको व्यावसायिक क्षमता अभिवृद्धिको उद्देश्यसहित पोखरास्थित ल्यान्डमार्क होटेलमा दुईदिने क्षमता अभिवृद्धि तथा समीक्षा कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ। संस्थाका प्रमुख कार्यकारी अधिकृत ज्ञानीश्वर पन्तको सभाध्यक्षतामा सम्पन्न उद्घाटन कार्यक्रममा सञ्चालक समितिका अध्यक्ष विष्णुकुमार घिमिरे प्रमुख अतिथि तथा सञ्चालक रमेशकुमार र संस्थापक सेयरधनी दिनेश अधिकारी विशेष अतिथिका रूपमा सहभागी थिए। कार्यक्रमको सञ्चालन नायब प्रमुख कार्यकारी अधिकृत विश्वराज श्रेष्ठले गरेका थिए।

कार्यक्रममा संस्थाका १०२ वटै शाखाका प्रमुख, अनुगमन अधिकृत, विभागीय प्रमुख तथा व्यवस्थापन तहका पदाधिकारीहरूको सहभागिता थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि घिमिरेले जोखिम व्यवस्थापन, सुशासन र प्रभावकारी नेतृत्व नै संस्थागत सफलताका आधारस्तम्भ भएको उल्लेख गर्दै बदलिँदो वित्तीय परिवेशलाई आत्मसात् गर्दै रणनीतिक सोच, सामूहिक प्रयास र उत्कृष्ट कार्यसम्पादनका साथ संस्थालाई नयाँ उचाइमा पुर्याउनुपर्नेमा जोड दिए। विशेष अतिथि अधिकारीले यस्ता कार्यक्रमले कर्मचारीको ज्ञान, सिप र कार्यदक्षता अभिवृद्धि गर्दै संस्थागत विकासमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गर्दै सिकाइलाई व्यवहारमा उतारी सदस्यमैत्री, पारदर्शी र गुणस्तरीय सेवा प्रवाहमा जोड दिए।

सभाध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृत पन्तले संस्थाको दीर्घकालीन लक्ष्य र भिजन प्रस्तुत गर्दै जिम्मेवारी, अनुशासन र परिणाममुखी कार्यशैलीमार्फत संस्थालाई अझ सशक्त बनाउन कर्मचारीलाई प्रेरित गरे। कार्यक्रममा शाखाहरूको समग्र कार्यसम्पादनको समीक्षा गर्दै विगतका उपलब्धि, देखिएका चुनौती, सुधार गर्नुपर्ने क्षेत्र तथा आगामी कार्यदिशाबारे विस्तृत छलफल गरिएको थियो। सो अवसरमा विभागीय प्रमुखहरूले जोखिम व्यवस्थापन, कर्जा तथा असुली व्यवस्थापन, आन्तरिक नियन्त्रण प्रणाली, सुशासन, प्रभावकारी सेवा प्रवाह, नेतृत्व विकास तथा शाखा व्यवस्थापनसँग सम्बन्धित विषयमा प्रशिक्षण प्रदान गरेका थिए।

Abhiyan weekly_2083_Sawan_22.indd 7 8/6/2026 3:35:54 PM

## प्रत्यक्ष निर्वाचित...

परेको छ । संविधान संशोधनको विषय आइरहँदा त्यसको मुख्य विषय बनेको शासकीय स्वरूपको विषयमा सबैको चासो रहेको छ । संविधान संशोधन कार्यदलले समेत संविधान संशोधन गरी शासकीय स्वरूपमा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको व्यवस्था हुनुपर्ने सुझाव सरकारलाई दिएको छ । नेपालको लागि प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति घातक सावित हुन सक्छ । बहसपत्र कार्यदलले अहिले बालेन साहको पक्षमा देखिएको समर्थनलाई लिएर उनैलाई प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति बनाउने खेलमा कार्यदलका संयोजक र बालेनका सल्लाहकार लागेका भएपनि त्यस्तो व्यवस्थाले गर्दा मुलुक संकटको भूमरीमा पर्न सक्छ भन्ने उदाहरण त हालै सुनसरी र मधेश प्रदेशमा भएका घटनाले पुष्टि गरेको छ । बालेन साह प्रधानमन्त्री बनेको ४ महिना पुगिसकेको अवस्थामा उनी जनताको हितको लागि भन्दा पार्टीगत र व्यक्तिगत स्वार्थमा लागेको आरोप उनीमाथि लाग्दै आएको छ । संसदबाट निर्वाचित प्रधानमन्त्री र संसद र जनताप्रति जिम्मेवार देखिएका छैनन् भने प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति बनेमा उनलाई नियन्त्रण कसले गर्ने ? अहिलेको जटिल र गम्भीर प्रश्न भनेको यहि हो । संसदबाट निर्वाचित कार्यकारी प्रधानमन्त्री संसदप्रति त जिम्मेवार भएनन् भने प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति कोप्रति जिम्मेवार हुने ? अमेरिकाका राष्ट्रपति संसदप्रति जिम्मेवार देखिएका छन् उनी संसदमा उपस्थित भएर सांसदले उठाएका प्रश्नको उत्तर दिन्छन् तर हाम्रा प्रधानमन्त्री जसलाई संसदले नै प्रधानमन्त्री बनाएको हो उनी आफूलाई प्रधानमन्त्री बनाउने संस्थाप्रति त जवाफदेही र उत्तरदायी देखिएनन् भने त्यस्ता व्यक्ति प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति भएको खण्डमा मुलुकको अवस्था कस्तो होला ? जुनसुकै व्यवस्था पनि खराब हुँदैन, व्यक्ति खराब हुन सक्छन् ।

लोकतन्त्र त्यसबेला मात्र बलियो बन्छ, जब राज्यले शासन व्यवस्थामा कमी कमजोरी सुधार गरी व्यवस्था परिपक्क बनाउँछ । संसदीय व्यवस्थाको दोषमात्र केलाएर त्यसलाई प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख रहने व्यवस्था लागु भोली त्यस व्यवस्थामा पनि कमी कमजोरी देखिएको खण्डमा के गर्ने ? त्यसको उत्तर प्रत्यक्ष निर्वाचित राष्ट्रपति हुनुपर्दछ भन्ने व्यक्ति र संस्थाहरूले जनतालाई दिनुपर्दछ । कसैको सनक र प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति बन्ने आकांक्षा भएपनि मुलुकलाई भड्खालोमा हाल्नुको लागि त्यस्तो व्यवस्था गरिनु किमार्थ उचित हुँदैन ।

## उद्योगी...

सभापति रवि लामिछानलाई भाद्र २३ गते नै आन्दोलनकारीहरूले जेलमुक्त गराएका थिए ।

भाद्र २४ गते सिंहदरबार, सर्बोच्च अदालत, राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास, विभिन्न अदालत सडक विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय लगायत राजनीतिक दलका शिर्ष नेताहरूका निजी निवासमा आगजनी गरियो । त्यसरी आगजनी गर्नेहरु अहिले प्रायः सबै रास्वपामा रहेका र उनीहरु फागुन २१ गते भएको निर्वाचनमा रास्वपाबाटै उम्मेदवार बनेका हुनाले उनीहरु सबै अहिले सांसद बनेका छन् भने तत्कालिन काठमाडौ महानगरका मेयर रहेका बालेन साहले त्यसैबेला आफ्नी श्रीमती सवार गाडीलाई प्रहरीले चेकजाँच गर्दा सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने अभिव्यक्ति स्टाटसमार्फत लेखेका थिए । सिंहदरबार आगो लाग्यो त बालेनलाई सामान्य सोधपुछसम्म भएन ।

जेनजीहरूको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने हालका गृहमन्त्री सुधन गुरूङले नै भाद्र २३ गतेको विरोध प्रदर्शनलाई उग्र बनाएको मानवअधिकार आयोगको प्रतिवेदनमा उल्लेख गरिएको छ । भाद्र २३ गते विभिन्न व्यावसायिक भवनहरूमा समेत आगजनी भएको थियो त्यो आगजनीमा परेका को-को मरे त्यसको हिसाब किताव सरकारसँग छैन । सुशिला कार्की नेतृत्वको सरकारले ४५ जनलाई सहिद घोषणा गरेको छ भने उक्त घटनामा जम्मा ७६ जनाको निधन भएको बताइएको छ भने अन्य २१ जना को-को हुन् भन्नेसम्म सरकारले जानकारी दिन सकेको छैन । बालेन सरकार पुराना दलका शिर्ष नेताहरु र कार्यकर्ताहरूमाथि प्रतिशोध साँध्न मात्र व्यस्त रहेको छ ।

पुराना दलका समर्थकहरु उद्योगी व्यवसायीहरूलाई तर्साउने र घर न कार्यालयमा छापा हान्ने कार्यलाई प्राथमिकतामा राखेको भएपनि उद्योगी व्यवसायीहरूका घर र कार्यालयमा छापा हानी खोजतलास गर्दा अवैध सामान केही नभेटिएपनि प्रहरीले माफी मागेको छैन । यसरी बालेन सरकारले आफ्नै पार्टीमाथिको रिस उद्योगी व्यवसायी, सञ्चारकर्मीमाथि पोख्न थालेको हुनाले उसको भविष्य कति हो भन्ने प्रश्न समेत उठेको छ ।

## सरकारको...

सरकारी निकायबाट प्रभावकारी अनुगमन नभएका कारण व्यापारीहरूले मनखुसी मूल्यबृद्धि गर्दै आएका छन् । अनुगमनको नाममा सरकारले झारा टार्ने, काममात्र गरिरहेको छ । प्रत्येक पसलैपिच्छे सामानको मूल्य फरक रहेको छ । विगत तिन महिनामा चामलको मूल्य प्रतिबोरा झण्डै ४ सय रूपैँयाले बढेको छ भने दुई महिना चीनीको मूल्य समेत २० रूपैँयाले बढेको छ । खाने तेल प्रतिलिटर ३ सय र अण्डाको मूल्य प्रतिक्रेट ६ सय सम्म पुगेको छ ।

व्यापारीहरूले भारतबाट धान खरिद गरेका त्यहाँ मूल्य बढेकाले चामलको मूल्य बढेको व्यापारीहरूले बताउँदै आएका भएपनि त्यसलाई पत्याईहाल्ने आधार भने देखिएको छैन । पेट्रोलियम पदार्थको मूल्य बढेकाले गर्दा ढुवानी भाडाले गर्दा मूल्य बृद्धि भएको व्यापारीहरूले बताउँदै आएका भएपनि सरकारी अनुगमनले मूल्यबृद्धि हुनुपर्ने ठोस कारण देखिएको छैन भन्दै आएका भएपनि मूल्यबृद्धि भएको छ ।

जनताले सुपथ मूल्यमा उपभोग्य सामान पाउन नसकेको र सरकारले बजार हस्तक्षेप गरी सुपथ मूल्यमा सामान उपलब्ध गराउनुको बदला बालेन सरकार जसरी भएपनि पुराना राजनीतिक दलका शिर्ष नेता र कार्यकर्ताहरूमाथि प्रतिशोध साँध्न मात्र सक्रिय भएकाले सरकारले बजार अनुगमन गर्न नसकेको फाइदा व्यापारीहरूले नै उठाउँदै आएका छन् । स्वदेशमै उत्पादित हुने बस्तुहरूको समेत मूल्यबृद्धि हुनुको पछाडि सरकारको असफलता र गैरजिम्मेवारीपन नै हो भन्ने आरोप उपभोक्ताहरूले सरकारमाथि लगाउन थालेका छन् ।

## बालेन...

भएपनि पूर्व प्रधानमन्त्री केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई विना आधार र विना प्रमाण पक्राउ गर्नु नै अपराध थियो । संविधानमा व्यवस्था भएनुसार सरकार अघि बढ्नुपर्नेमा दुई तिहाईको दम्भ बोकेर अघि बढ्न खोज्ने प्रवृत्तिलाई सुनसरीको घटनाले बालेन सरकारलाई सम्झाएको छ । मुलुकका सबै राजनीतिक दल सञ्चारकर्मी, कानुनविद्लगायत सबै पक्षको सहयोग र समर्थनमा सरकार सञ्चालन गर्नुको बदला लहडका भरमा सरकार सञ्चालन गर्ने र अनाहकमा विदामा बसेको सुरक्षाकर्मीहरूलाई समेत सरूवा गरेर बालेन सरकारले कस्तो सुरक्षा व्यवस्था गर्न लागेको हो भन्ने प्रश्न समेत उठेको छ । सुनसरी घटनामा सरकार चुकेको हो । घटना हुने वित्तिकै सुरक्षा व्यवस्था कडा पारेर जनताका समस्या समाधान गर्नुको बदला सुरक्षाकर्मीद्वारा गोली प्रहार हुनु र नेपाली सेनालाई सडकमा उत्रिन लगाउनुको अर्थ के ?

संविधानको पूर्ण पालना र संरक्षण गर्ने दायित्व सरकार कै भएपनि बालेन सरकारले संविधानको उल्लंघन गर्दै आफू अघि बढ्ने प्रयास गरेको र सरकारका महत्वपूर्ण कार्य र निर्णयहरूका बारेमा राष्ट्रपतिलाई जानकारी गराइएन । जब सुरक्षाकर्मीले गोली प्रहार गरे, सुनरीको घटना मधेश प्रदेशमा समेत पुग्यो । अनिमात्र आफूलाई संकट आउन सक्ने देखेपछि प्रधानमन्त्री राष्ट्रपतिकहाँ पुगे ।

घटना हुनासाथ प्रधानमन्त्रीले नै सर्वदलीय बैठक राखेर सल्लाह गर्नुपर्नेमा पार्टी सभापतिले सर्वदलीय बैठकले गरेपछि मात्र बालेनको आँखा खुल्यो आफूलाई अप्ठ्यारो पर्ने अवस्था आएपछि मात्र बालेन सक्रिय भएका हुनाले त्यसैले उनको नियत ठीक छैन भन्ने प्रमाणित हुँदै गएको छ ।

## जनतालाई...

मत पाउनुको अर्को कारण थियो गत भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा गोली चल्नु र काठमाडौ १९ र इटहरीमा २ व्यक्तिको गरी २१ जनाले ज्यान गुमाउनु ।

२३ गतेको घटनालाई लिएर २४ गते मुलुकभरमै विध्वसात्मक घटनाहरु भए । सिंहदरबारमा आगजनी भयो । सर्बोच्च अदालत, संसद भवन, राष्ट्रपति कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास लगायत पुराना भनिएका राजनीतिक दलका शिर्ष नेताहरूको निजी निवास लगायत व्यावसायिक भवनहरूमा समेत आगजनी भयो त्यही आगजनीलाई आफ्नो पार्टीको जितको रूपमा रास्वपाले प्रयोग गऱ्यो ।

भाद्र २३ र २४ गतेको घटनामा संलग्न रहेका प्राय सबै रास्वपामा प्रवेश गरे । रास्वपाले उनीहरु प्रायः सबैलाई संसदको उम्मेदवार बनाएको थियो । उनीहरु प्रायः सबैले निर्वाचनमा जित हाँसिल गरेर केही अहिले मन्त्री बनेका छन् भने धेरै व्यक्तिहरु सांसद बनेका छन् । सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने स्टाटस लेख्ने बालेन साह अहिले मुलुकको प्रधानमन्त्री बनेका छन् भने त्यही आगो लगाईदिन्छु भनेकै सिंहदरबारबाटै उनले शासन सञ्चालन गरिरहेका छन् ।

सरकार गठन हुने वित्तिकै जनतालाई सस्तो आश्वासन बाँडेका प्रधानमन्त्री बालेन साह सरकारले अहिले जनतालाई ग्याँससम्म दिन सकेका छैन भने भाद्र २३ र २४ गतेको घटनामा सुरक्षा निकायको कमजोरी कसरी भयो, नेपली सेनाले किन सिंहदरबार, राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास, संसद भवन, सर्बोच्च अदालतको सुरक्षा गर्न सकेन भनेर कहिल्यै सुरक्षा निकायसँग सामान्य छलफल समेत गर्न सकेको छैन ।

सिंहदरबार जल्दा सिंहदरबार भित्रै रहेका सेना मौन बस्नुको कारण के थियो ? आफ्नै परमाधिपतिको कार्यालय समेत जोगाउन नसक्ने सेना हालै सुनसरी लगायतका जिल्लामा भएको साम्प्रदायिक घटनमा परिचालन हुन सक्ने सेनाले मन्त्रिपरिषद्को निर्णय सुरक्षा परिषद् को निर्णय र राष्ट्रपतिको सेना परिचालन गर्ने निर्णय भएको थियो र ? यदि त्यस्तो निर्णय भएको भए जनताले त्यसको जानकारी किन नपाउने ? यदि निर्णय भएको थिएन भने गत भाद्र २३ मा सेना परिचालन नुहनुको रहस्य के ? जनतालाई सस्तो लोकप्रियताको नारा दिएर जहिले झुक्याउन सकिन्छ र ?

## संकटमा...

बालेन सरकारले सक्रियता देखाएको थियो । राजनीतिक दलहरु भन्दा अगाडि सरकार पुग्नुपर्ने हो तर रास्वपाभित्रको आन्तरिक द्वन्द्वले गर्दा घटना भएको ३/४ दिनसम्म सरकार मौन रहनुको अर्थ के ?

बालेन सरकार जसरी भएपछि पूराना राजनीतिक दल र तिनका शिर्ष नेताहरूलाई प्रतिशोध लिनमै व्यस्त रहेको जस्तो देखिन्छ । हुन त बालेनले गत चैत्र १३ गते शपथ लिएकै दिन मन्त्रिपरिषद्को पहिलो बैठकबाटै निर्णय गरेर नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओली र पूर्व गृहमन्त्री रमेश लेखकलाई पक्राउ गर्ने निर्णय गरेका थिए । त्यही निर्णयका आधारमा ओली र लेखकलाइ पक्राउ गरियो । तर सरकारले उनीहरूलाई पक्राउ गर्नुपर्ने कारण अदालतमा पेश गर्न नसकेको हुनाले उनीहरु अदालतको आदेशमा रिहा भए । यसरी आफू प्रधानमन्त्रीमा नियुक्त भएकै दिन पूर्व प्रधानमन्त्रीलाई पक्राउ गर्नु प्रतिशोधपूर्ण राजनीतिक बाहेक अन्य केही थिएन ।

बालेन साह सरकार सम्वाद र सहकार्यबाट टाढै रहेको अवस्थामा दलहरूले सहकार्य र सम्वाद गर्न थालेपछि मात्र सरकार संकटको समाधान गर्न लागि परेको थियो । मुलुकमा संकट आउँदा राजनीतिक दल र सरकार एकै ठाउँमा उभिएर समस्याका समाधान गर्ने विगतको इतिहासलाई बालेन सरकारले पहिला वेवास्ता गरेपछि दलहरूको दवाव र दलहरूको संयुक्त वक्तत्वले सरकार दवावमा परेको र त्यही दवावले गर्दामात्र सरकार अघि बढेको जस्तो देखिन्छ । पुराना दलहरूले भाद्र २३ र २४ गते भएको घटनालाई असम्वैधानिक भन्दै आएका भएपनि तत्कालिन सुशिला कार्की नेतृत्वको सरकारले गत फागुन २१ गते गरेको निर्वाचनमा कांग्रेस, एमाले, माओवादी लगायतका दलहरूले आफूहरु पराजित हुन सक्ने र निष्पक्ष निर्वाचन हुन नसक्ने आंकलन गरेका भएपनि मुलुकको हितका लागि निर्वाचनमा भाग लिएका हुनाले त्यसलाई उनीहरूको कमजोरी ठानिए त्यो बोलन सरकारको लागि घातक सावित हुन सक्छ ।

# काम चलाउ अध्यक्षमा निर्भर बिमा प्राधिकरण

काठमाडौं । बिमा प्राधिकरणको अध्यक्ष पद एक वर्षदेखि रिक्त अवस्थामा छ । १२ फागुन ०८१ मा प्राधिकरणको अध्यक्षमा नियुक्त भएका शरद ओझा २ भदौ ०८२ मा बर्खास्तमा परेका थिए । त्यसपछि सरकारले नयाँ अध्यक्ष नियुक्तिका लागि १५-२१ भदौको म्याद राखेर गरेको प्रस्तावमा १४ जनाले आवेदन दिएका थिए । उता ओझाले भने २२ भदौमा आफ्नो बर्खास्तीविरूद्ध रिट दिए । त्यसमा २३ फागुनमा सर्वोच्च अदालतका न्यायाधीश सारंगा सुवेदीको इजलासले अल्पकालीन अन्तरिम आदेश दिएको थियो ।

त्यसपछि नयाँ अध्यक्ष नियुक्तिको प्रक्रिया पनि यथास्थितिमा रह्यो । जेन-जी आन्दोलनको प्रभावले अदालत बन्द भएपछि ओझाले लिखित आदेश पाउन सकेनन् । पछि लिखित आदेश आए पनि उनलाई अर्थ मन्त्रालयले प्राधिकरणमा हाजिर गर्न दिएन । उनले तत्कालीन अर्थमन्त्री रामेश्वर खनाललाई अदालतको अवहेलनासम्बन्धी मुद्दासमेत हालेका थिए ।

तर, १८ माघमा सर्वोच्चका न्यायाधीशद्वय नहकुल सुवेदी र टेकप्रसाद ढुंगानाको संयुक्त इजलासले अल्पकालीन अन्तरिम आदेश निरन्तर नहुने आदेश दियो । योसँगै नयाँ अध्यक्ष नियुक्तिको प्रक्रिया अघि बढाउन बाटो खुला भयो । तर, गत २१ फागुनको निर्वाचन आचारसंहिता लागू भइसकेका कारण त्यो तत्काल सम्भव भएन । नयाँ सरकार गठन भएको करिब एक महिनामा अर्थात् ८ वैशाखमा सिफारिस समिति बनाएर प्राधिकरणको अध्यक्ष नियुक्ति गर्न प्रक्रिया अघि बढाइएको थियो । समितिले पुरानो प्रक्रिया रद्द गरेर नयाँ प्रक्रिया अघि बढाए पनि पूर्णता पाउन सकेको छैन ।

हाललाई अस्थायी रूपमा प्राधिकरण अध्यक्षको जिम्मेवारी सचिव चन्द्रकला पौडेललाई दिइएको छ । स्थायी अध्यक्ष नियुक्ति गर्न नसक्दा प्राधिकरणको नियमित काम-कारबाही प्रभावित हुनुका साथै ठुला नीतिगत निर्णय हुन नसकेको प्राधिकरणका एक कर्मचारीले बताए ।

## सुनसरी...

महानिरीक्षक, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख, नेपाली सेनाका बलाधिकृत रथी प्रदीप कार्की सहभागि भएका थिए ।

सुरक्षा व्यवस्थालाई कडा पारेर परिस्थितिलाई नियन्त्रणमा लिने मनसाय गृहमन्त्रीका थियो । तर तनाव साम्य नभएपछि सुनसरीको घटनाको चौथो दिन उनले आफ्ना स्वकीय सचिव जेम्स कार्कीलाई घटनास्थलमा परिचालन गरेका थिए । उनीहरु सुनसरीमा नै हुँदा तनावग्रस्त क्षेत्रमा सुरक्षा संयन्त्रले उडाएको ड्रोनको दृश्य हेरेर बसेका थिए ।

बाक्लो सुरक्षाकर्मी परिचालन र सेना परिचालनपछि पनि परिस्थिति नियन्त्रणमा नआएपछि गृहमन्त्री आत्तिँदै सुनसरी पुगेका थिए । त्यसबेलासम्म गृहमन्त्री घटनास्थलमा पुग्न निकै ढिलो भैसकेको हुनाले अन्यले पनि ज्यान गुमाउनु पऱ्यो भने धेरै जनतालाई गोली लाग्यो । यसको जिम्मेवारी प्रधानमन्त्री र गृहमन्त्रीले नै लिनुपर्दछ ।

## अमेरिकासँग...

छ । ओमानसँगको सम्झौताले मात्रै हालको संकट पूर्ण रूपमा समाधान नहुने पनि इरानले प्रस्ट पारेको छ ।

इरानका राष्ट्रपति मसुद पेजेस्कियनले आफ्नो कार्यकालको दोस्रो वार्षिकोत्सवमा बोल्दै दुश्मनहरूले देशको क्षमता र प्राविधिक प्रगतिलाई कमजोर बनाउन इरानी सैन्य कमान्डर र वैज्ञानिकहरूलाई लक्षित गरेको बताएका छन् ।

अर्कोतर्फ, वासिङ्टनले होर्मुजमा इरानको नियन्त्रण हुने कुरालाई अस्वीकार गर्दै कुनै पनि अस्थायी मार्गका लागि अनुमति वा शुल्क आवश्यक नपर्ने जनाएको छ । ओमान र इरानबीचको छलफलले अमेरिका-इरान शान्ति सम्झौता हुन सक्ने र होर्मुज स्ट्रेटको अवरोध खुल्ने आशामा अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य घटेको छ ।

ब्रेन्ट क्रुडको मूल्य शून्य दशमलव ५ प्रतिशतले घटेर प्रतिब्यारेल ७९.०८ डलर कायम भएको छ भने अमेरिकी डब्लूटीआई क्रुडको मूल्य शून्य दशमलव ७ प्रतिशतले घटेर प्रतिब्यारेल ७४.६९ डलरमा झरेको छ ।


## सर्पको टोकाइबाट बचौ र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुर्‍याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प वस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा वुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार

Abhiyan weekly_2083_Sawan_22.indd 8 8/6/2026 3:35:54 PM